मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २७० ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ साउन ३१ गते शुक्रबार (Friday, August 16. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-




## पत्रकार रविसहित तीन पक्राउ

**बिर्तामोड, साउन ३०।** पत्रकार शालिकराम पुडासैनीको मृत्युको विषयलाई लिएर पत्रकार रवि लामिछानेसहित तीन जना पक्राउ परेका छन् ।

प्रहरीले न्यूज २४ टेलिभिजनका पत्रकार रवि लामिछाने र अर्का युवराज कँडेल र अस्मिता कार्कीलाई पक्राउ गरेको हो । प्रहरीले उनीहरुलाई न्यूज २४को कार्यालयबाट पक्राउ गरेको बताइएको छ । जिल्ला प्रहरी कार्यालय चितवन र काठमाडौं प्रहरी परिसरको टोलीले बिहीबार साँझ उनीहरुलाई पक्राउ गरेको प्रहरी उच्च स्रोतले बताएको छ ।

उनीहरुलाई आत्महत्यामा दुरुत्साहन गरेको अभियोगमा अनुसन्धानका लागि पक्राउ गरिएको बताइएको छ । केही दिनअघि चितवनमा शंकास्पद अवस्थामा पत्रकार शालिकराम पुडासैनीको शव भ्रुण्डिएको अवस्थामा फेला परेको थियो ।

माउन्टेन टेलिभिजनमा कार्यरत पत्रकार शालिकराम पुडासैनीको आत्महत्या प्रकरणमा बाहिरिएको भिडियोपछि उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो । पुडासैनीले भिडियोमा आफूलाई आत्महत्याका लागि लामिछानेसहित तीन जनाले दुरुत्साहन गरेको आरोप लगाएका छन् ।

यसैबीच नेपाल पत्रकार महासंघले पत्रकार शालिकराम पुडासैनीको निधन र त्यसपछि बिकसित घटनाक्रमप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

लामो समय न्यूज २४ टेलिभिजनको जनतासँग सिधा कुरा कार्यक्रममा आवद्ध पत्रकार पुडासैनी दुई महिना यता माउण्टेन टेलिभिजनमा कार्यरत थिए । पत्रकारिता क्षेत्रमा एउटा श्रमजीवी पत्रकारका रुपमा योगदान पुऱ्याउँदै आएका पुडासैनी साउन २० गते चितवनको होटल कंगारुमा मृत अवस्थामा भेटिएका थिए । घटनापछि महासंघको केन्द्रीय समिति र चितवन जिल्ला समितिले गम्भीर चासो व्यक्त गर्दै आवश्यक सहयोग र समन्वय गरेका थिए ।

पत्रकार पुडासैनीले आफ्नो मृत्युको कारक भन्दै न्यूज २४ टेलिभिजनबाट प्रशारित जनतासंग सिधा कुरा कार्यक्रमका प्रस्तोता रवि लामिछाने, युवराज कँडेल र अस्मिता कार्कीको नाम उल्लेख गरेको भिडियो बिभिन्न सञ्चारमाध्यमबाट सार्वजनिक भएसंगै महासंघले उक्त प्रकरणमा निष्पक्ष ढंगले छानविन गर्न सम्बन्धित निकायमा आग्रह गरेको थियो ।

महासंघले उक्त घटनाको सत्यतथ्य अनुसन्धान गरी दोषीमाथि कडा कानूनी कारबाही गर्न सरकारसंग माग

(बाँकी अन्तिम पृष्ठमा)

# डेंगु अझै नियन्त्रण बाहिर

## झुल टाँगेर बिरामीको उपचार

**दमक, साउन ३०।** झापाको दमकमा तीन महिनाअघि देखापरेको डेंगु रोगको संक्रमण अझैं नियन्त्रणमा आएको छैन ।

जसका कारण अहिले पनि दमकका विभिन्न अस्पतालमा डेंगु रोगीको संख्या एक सय २५ जना भन्दा बढी रहेको दमक नगरपालिका स्वास्थ्य शाखा प्रमुख इन्द्र अर्यालले बताए । उनका अनुसार दमक अस्पतालसहित आम्दा, लाइफलाइन, एड्भान्स, अस्पतालमा अहिले पनि एक सय २५ भन्दाबढी डेंगु संक्रमित विरामीले उपचार गराइरहेका छन् ।

दमकमा डेंगुको संक्रमणले महामारीकै रुप लिएपछि अहिले बिरामीलाई अस्पतालभित्रै झुल टाँगेर राखिएको छ । डेंगुको भाइरसद्वारा संक्रमित भएको बिरामीलाई टोकेको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले निरोगी मानिसलाई टोकेमा यो रोगको संक्रमण सर्ने भएपछि अस्पतालमा आएका सबै डेंगु संक्रमित बिरामीलाई झुल टाँगेर मात्रै उपचार शुरु गरिएको लाइफलाइन अस्पतालमा कार्यरत डाक्टर खुश्वु प्रियाले बताइन् । उनले भनिन् - 'डेंगू संक्रमित बिरामीलाई टोकेको लामखुट्टेले अरुलाई नटोकोस् र डेंगु नसरोस् भन्दै अस्पतालमा भर्ना भएका बिरामीको उपचार गर्दा झुल टाँगेर अपचार शुरु गरेका हौं ।'

डा. प्रियाले दमक आसपासको क्षेत्रमा यो रोगको संक्रमण ज्यादै फैलिएकाले सबैलाई सचेत रहन आग्रह समेत गरिन् । तीन वर्षअघि पनि दमक क्षेत्रमा डेंगु रोगको संक्रमण फैलिँदा महामारीकै रुप लिएको थियो । यो वर्ष पनि बैशाखको पहिलो साता यो रोगको संक्रमण देखा परेको र अहिलेसम्म नियन्त्रणमा नआएको अर्यालको भनाइ छ ।

डेंगु रोगको संक्रमण फैलिएर महामारीको रुप लिएपछि दमक नगरपालिकाले दमक अस्पतालमा आएका सबै विरामीलाई निःशुल्क उपचार गराउँदै आएको र निजी



अस्पतालाई पनि सकेसम्म डेंगु संक्रमित विरामीलाई निःशुल्क उपचार गराउन आग्रह गरिएको नगरपालिका स्वास्थ्य शाखा प्रमुख अर्यालले बताए । उनले भने- 'दमक अस्पताल सरकारी भएकाले यहाँ निःशुल्क उपचार हुन्छ अन्य निजी अस्पताल भएकाले सबै उपचार निःशुल्क गर भन्न सक्ने अवस्था छैन । यसैले यदि कसैको स्वास्थ्य परीक्षण गर्दा डेंगुको संक्रमण भेटिए दमक अस्पताल पठाइदिन आग्रह गरेका छौं ।' डेंगुको संक्रमण भए-नभएको परीक्षण गर्दा लाग्ने किटमा मात्रै भए पनि निजी अस्पतालले छुट दिने हो भने बिरामीलाई उपचारमा सहज हुने उनको भनाइ छ । दिन प्रतिदिन डेंगु रोगीको संख्या बढेपछि दमक नगरपालिकाले १ नम्बर प्रदेश सरकारसँग डेंगु रोग नियन्त्रणका लागि आवश्यक सहयोग गर्न माग गरेको छ ।

डेंगु परीक्षणका लागि आवश्यक पर्ने किट, औषधि उपचार र दक्ष जनशक्ति उपलव्ध गराएर महामारीको रुपमा रहेको डेंगु रोगलाई फैलन नदिन सामाजिक विकास मन्त्रालयलाई आग्रह गरिएको अर्यालले बताए ।

### ४० जनाको मृत्यु

**झापा, साउन ३०।** छिमेकी मुलुक वंगलादेशमा डेंगुले ८ महिनामा ४० जनाको ज्यान गएको छ ।

यो सन् २०१९को जनवरीदेखि हालसम्मको संख्या हो । डेंगुबाट हजारौं संक्रमित छन् ।

स्वास्थ्य मन्त्रालयका अधिकारीले डेंगुका कारण ४०ले ज्यान गुमाइसकेको र हजारौं त्यसबाट संक्रिमत भएको पुष्टि गरेका छन् । बंगलादेशी सञ्चारमाध्यमहरुले भने सरकारको तथ्यांकभन्दा बढी मानिसको ज्यान गएको दाबी गरेका छन् । गत हप्तासम्ममा १०० भन्दा बढी नागरिकले डेंगुको संक्रमणबाट ज्यान गुमाएको उनीहरूको भनाइ छ ।

पछिल्लो समय डेंगु संक्रमित पनि उत्तिकै बढिरहेका छन् । गत जनवरीदेखि ४४ हजार बिरामी डेंगुको आशंकामा अस्पताल भर्ना भइसकेका छन् । सोमबार मात्रै विभिन्न अस्पतालमा दुई हजार एक सय बिरामी भर्ना भएको स्वास्थ्य मन्त्रालयका अधिकारी आयेशा अख्तरले बताएका छन् । अस्पतालका शैय्या संक्रमितले भरिएपछि भुइँमा बसेर बिरामीले उपचार गरिरहेका छन् ।

## ग्यासको सट्टा बिजुली प्रयोग बढाउन आव्हान



**झापा, साउन ३०।** नेपाल विद्युत् प्राधिकरणले अहिले मनग्ये बिजुली रहेको र उत्पादन बढ्न थालेको भन्दै उपभोक्तालाई घरायसी प्रयोजनमा विद्युत् खपत बढाउन आह्वान गरेको छ ।

प्राधिकरणले उपभोक्तालाई विद्युतीय सवारीसाधन प्रयोग गर्न समेत आग्रह गरेको छ । तर, वर्ष भरी बिजुली उत्पादन र आपूर्ति एकैनास नहुने जोखिम कायमै रहेकोले उपभोक्ताहरू सहजै एलपी ग्यास छोडेर विद्युतीय उपकरणतर्फ आकर्षित हुने अवस्था नरहेको जानकारहरू बताउँछन् ।

जलस्रोत विश्लेषक रत्नसंसार श्रेष्ठका विचारमा प्राधिकरणले आग्रह गर्दैमा उपभोक्ताहरूले आफ्नो 'भान्साको विद्युतीकरण' गर्न थप लगानी गरिहाल्न सक्ने अवस्था छैन । उनी भन्छन्- अहिले बर्खाको बेला भएर बिजुली बढी उत्पादन भइरहेको हो । तर, हिउँद तथा सुख्खा याममा बिजुली उत्पादन घट्न जान्छ । त्यो बेला सबैलाई बिजुली पुऱ्याउन कठिन हुन सक्छ ।

**बिजुली कति उपलब्ध छ ?**

प्राधिकरणका अनुसार अहिले देशभर १३ सय मेगावाट बिजुलीको माग छ । त्यसै अनुसार आपूर्ति भइरहेकोले विद्युत् कटौती अर्थात लोडसेडिङ हुने अवस्था छैन ।

तर, यी सबै बिजुली नेपाल भित्रै उत्पादन भएको भने होइन। ६३ प्रतिशत बिजुली प्राधिकरण र निजी क्षेत्रका आयोजनाले उत्पादन गरेका हुन् भने बाँकी ३७ प्रतिशत बिजुली भारतबाट आयात गरिएको हो । प्राधिकरणका उपकार्यकारी निर्देशक हरराज न्यौपानेले भने- अहिले नेपाल र भारतबीच बिजुली व्यापार र आदानप्रदान सहज भएकोले पनि विद्युत वितरण सहज भएको छ । त्यसैले हामी उपभोक्ताहरूलाई खाना पकाउन बिजुली प्रयोग गर्नुहोस् भन्नसक्ने अवस्थामा पुगेका हौँ ।

(बाँकी अन्तिम पृष्ठमा)

## बिर्तामोडमा बम बिष्फोटको आरोपमा पक्राउ

**बिर्तामोड, साउन ३०।** बिर्तामोड नगरपालिकाको ७, ८ र ९ नम्वरको संयुक्त वडा कार्यालयमा बम बिष्फोट गराएको आशंकामा प्रहरीले एक व्यक्तिलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्र श्रेष्ठका अनुसार अर्जुनधारा नगरपालिका-३ निवासी ५० वर्षीय प्रेम चापागाँई विष्फोटको आरोपमा पक्राउ परेका हुन् । उनलाई इलाका प्रहरी कार्यालय अनारमनीको विशेष टोलीले पक्राउ गरेको बताइएको छ ।

पक्राउ परेका चापागाँई नेपाल कम्युनिष्ट पार्टी नेत्रबिक्रम चन्द विप्लव समूहका भएको बताइएको छ । वडा कार्यालयमा अज्ञात समूहले गत साउन २७ गते राति बम बिष्फोट गराएको थियो । बिप्लव समूहले भारतीयलाई नागरिकता बेचेको आरोप लगाउँदै वडाध्यक्ष लगायतका जनप्रतिनिधिलाई कार्वाही स्वरुप बम विस्फोट गरेको दावी गरेको थियो । योसँगै जिल्ला प्रहरी कार्यालय झापाले विप्लव समूहका हालसम्म १८ जना नेता तथा कार्यकता पक्राउ गरेको प्रहरी नायव उपरीक्षक श्रेठले बताए ।

## १ अर्ब ८२ करोड बजेटको सडक शिलान्यास

**फिदिम, साउन ३०।** पाँचथरका तीन मुख्य ग्रामीण सडकको कालोपत्रे गर्ने कार्यको शिलान्यास गरिएको छ ।

फिदिम-याशोक, शिवादोभान-लुम्फाबुङ-नवमीडाँडा तथा फिदिम-फालोट सडक कालोपत्र निर्माण कार्यको प्रदेश नं. १का आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले विहीवार शिलान्यास गरे ।

कार्यक्रममा मन्त्री आङ्बोले स्थानीय तहहरुलाई मुख्य सडक तथा सदरमुकामसम्म जोड्ने कार्यलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताए । शिलान्यास भएका सडकको निर्माणकार्य समयमै पूरा गर्न निरन्तर अनुगमन गर्न मन्त्री आङ्बोले स्थानीय तहका जनप्रतिनिधि तथा जिल्लास्थित सरकारी निकायका प्रमुखलाई आग्रह गरे ।

पूर्वाधार विकास कार्यालय पाँचथरअन्तर्गत यी सडकहरु निर्माण हुन लागेका हुन् । कुम्मायक गाउँपालिकालाई कोशी करिडोर तथा जिल्ला सदरमुकाम फिदिमसम्म जोड्न फिदिम-याशोक सडक कालोपत्र गर्न लागिएको हो । यसका लागि फिदिम-याशोकको ११.३१० किलोमिटरको सरखण्डे-याशोक खण्ड कालोपत्र

(बाँकी अन्तिम पृष्ठमा)

## रक्षाबन्धनका लागि घर-कार्यालयमै बटुक



**बिर्तामोड, साउन ३०।** अर्जुनधारा नगरपालिकामा रहेको शंकराचार्यपीठ बेद बेदाङ्ग संस्कृत पाठशाला साधुटारका बिद्यार्थीले घर-घरमा पुगेर रक्षाबन्धन बाँधेका छन् ।

धर्म, संस्कार र संस्कृतिको संरक्षण गरिनुपर्ने सन्देशसहित विद्यार्थीले घर-घरमा पुगेर रक्षाबन्धन बाँधेका हुन् । श्रावण शुक्ल पूर्णिमाका दिन संस्कृत बिद्यालयका विद्यार्थीले हरेक वर्ष यसरी रक्षाबन्धन बाँध्ने गरेका छन् ।

१२५ जना विद्यार्थी अध्ययनरत् सो पीठका बिद्यार्थीले अर्जुनधारा नगरपालिका, वृद्धशान्ति गाउँपालिका र बिर्तामोड नगरपालिकाका बजार तथा घर-घरमा गएर रक्षा बन्धन बाँधेका हुन् । श्रावण शुक्ल पूर्णिमाका दिनमा मनाइने ऋषितर्पणी, रक्षाबन्धन एवम् जनैपूर्णिमा पर्व विहीवार पवित्र नदीमा स्नान गरी नयाँ यज्ञोपवित( जनै) धारण र डोरो बाँध्ने प्रचलन छ । सोही अनुसार बिद्यार्थीले रक्षा बन्धन बाँधेको बताइएको छ ।

रक्षाबन्धन बाँध्दै हिँडेका पीठका बिद्यार्थी उमेश रिजालले आफूले अहिले सो पीठमा वेदाचार्यको शिक्षा लिइरहेको र पछिल्लो समय युवामा जनै लगाउने प्रचलन हराउँदै गएकाले जनै लगाउन र रक्षाबन्धन गर्दाको फाइदा बताउन यसरी घर-घरमै गएर रक्षाबन्धन गरेको बताए । उनले भने- मसहित अहिले तीन जना अतिथि सदन लाइनमा रक्षाबन्धन गरिरहेका छौं । बाँकी अरु साथीहरु पनि यसरी नै संस्कार, संस्कृतिको महत्व दर्शाउँदै रक्षा बन्धनमा निस्कनु भएको छ ।

लक्ष्मीनारायण मावि धरमपुरमा कक्षा सातमा अध्ययन गर्दागर्दै संस्कृत शिक्षा लिन साधुटार आएका उनले साधुटारमा तीन वर्षसम्म संस्कृत शिक्षा लिएको र अहिले वेद पाठ गरिरहेको बताए । उनीसंगै रक्षावन्धनका लागि आएका इटहरी-४ सुनसरी घर भएका निश्चल भट्टराईले आफू पनि एक वर्षदेखि शंकराचार्य पीठमा संस्कृत शिक्षा लिएको बताए । गुरुहरुको आज्ञा अनुसार आफूहरुले संस्कार र संस्कृति संरक्षणका लागि घर-घरमा रक्षाबन्धन गरेको बताएका छन् । उनी पनि चामुण्डा भगवती इङ्लिस स्कूलमा कक्षा ५मा अध्ययन गर्दागर्दै संस्कृत शिक्षा लिन साधुटार आएका हुन् ।

विराटनगर-१ घर भएका रेवन रेग्मी पनि विहीवार गुरु पूर्णिमाका दिन डोरा बाँध्न घर-घरमा गए । उनले पनि पनि समता

(बाँकी अन्तिम पृष्ठमा)

**पसल विक्रीमा**

बिर्तामोडस्थित लिटल फ्लावर्स स्कूल अगाडि चालू अवस्थामा रहेको रंगीन माछाको एक्वारियम पसल तु-विक्रीमा छ ।

सम्पर्क: ९८०७०७३२३८, ९८१६९६५८२८

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटसाइकल पाट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)





**अर्जुनधारा नगरपालिका हात्तीकिल्लास्थित एक कृषकको घरमा भण्डारण गरेको मकै । यो क्षेत्रलाई प्रधानमन्त्री मकैजोन बनाइएको छ । प्रायः जसो सबै घरमा यसैगरी मकै भण्डारण गरेको देख्न पाइन्छ । तस्वीर: बिनोद पाण्डे/पूर्वाञ्चल**

# यौनजन्य अश्लील सामग्रीका विषयमा छलफल

**काठमाडौँ, साउन ३०।** डोमेन दर्ता अभिलेखमा नेपालको सम्पर्क ठेगाना नभएका अनलाइन साइटहरुमाथि अनुगमनको सन्दर्भमा सरोकारवाला निकायहरुसँग छलफल भएको छ ।

प्रेस काउन्सिल नेपालको सभाहलमा भएको कार्यक्रममा त्रास फैलाउने, यौनजन्य अश्लील सामग्रीहरु सम्प्रेषण गर्ने, ऐन, नियम र निर्देशिका विपरीत सामग्री सम्प्रेषण गर्ने अनलाइनसँग सम्बन्धित विभिन्न पक्षहरुका बिषयमा गहन छलफल भएको हो ।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले पत्रकारको लागि अहिलेको आचारसंहिता सम्बन्धी कानूनले सबै बिषय समेटन नसकेको बताए । उनले धेरै कारवाही भनेको नै प्रेस पास निलम्बन, लाइसेन्स खारेज भएको हुँदा जहाँ जसले जे बोले पनि हुने मानसिकता भएको बताए ।

आफ्नो पत्रकारिताको बिगत सम्झँदै कावा अध्यक्ष श्रेष्ठले अहिले समाजमा पत्रकार भन्न पनि धक मान्नुपर्ने स्थिति देखा परेको बताए । उनले पत्रकारले गरेको गल्तीमा केही कारवाही गरे पनि आन्दोलन गर्ने, प्रेस स्वतन्त्रता हनन् गऱ्यो भनेर हिंड्ने प्रवृत्ति बढेको प्रति चिन्ता व्यक्त गरे ।

प्रेस काउन्सिल नेपालका बोर्ड सदस्य गोपाल बुढाथोकीले केही अनलाइनहरूले राख्नै नहुने कुराहरु राख्न थालेको तर त्यसलाई कसरी अनुगमन गर्ने भन्ने पाटो गम्भीर भएको बताए । सरकारले पोर्न साइट बन्द गर्न सक्ने तर गलत तथा भ्रामक सामग्री राख्ने अनलाइनलाई नियन्त्रण गर्न किन नसक्ने भन्ने आफूलाई लागेको उनले बताए । सदस्य बुढाथोकीले अनलाइनमा आउन थालेका असान्दर्भिक सामग्री समग्र राष्ट्रको समस्या भएको बताए ।

प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसालले दर्ता नभइकन चलेका अनलाइनहरुलाई के गर्ने भन्ने बिषय नै अहिलेको प्रमुख समस्या भएको बताए । उनले विदेशबाट नेपालीहरुले चलाएका अनलाइनमा धेरै नै समस्या हुने गरेको बताए । भुसालले काउन्सिलले नियमित रुपमा सबै प्रकारका सञ्चारमाध्यमहरुको अनुगमन गरिरहेको जानकारी दिए ।

सहन्यायाधीवक्ता सञ्जीवराज रेग्मीले अनलाइन निर्देशिकाको बिषय जटिल भएको बताए । कतिपय विषय हालको कानूनबाट समाधान गर्न सकिने, कतिपय विषय नयाँ कानूनमा समेट्नु पर्ने र केही विषय दुईपक्षीय संवादबाट समाधान गर्नुपर्ने बताए ।

प्रहरी नायब महानिरीक्षक निरजबहादुर शाहीले अनलाइन सञ्चारमाध्यममा सम्प्रेषित गलत एवम् भ्रामक समाचारले राष्ट्रिय सुरक्षा र ब्यक्तिको जीवनमा समेत असर पुग्न बताउँदै त्यस्ता उजुरीहरू प्रहरी कहाँ समेत आउने गरेको बताए ।

नेपाल दुरसञ्चार प्राधिकरणका निर्देशक विजय कुमार रायले नेपाल कानूनबाट सञ्चालन हुने र बाहिरबाट सञ्चालन हुने अनलाइनलाइ एउटै कानून लागू हुने बताए । उनले पत्रकारले गरेको गल्तीलाई पक्षपोषण नगरी गल्ती हो भन्न सक्नुपर्ने बताए । सरकारले पोर्न साइट र पब्जी बन्द गर्नसक्ने अनलाइन बन्द गर्न नसक्ने भन्ने हुँदैन, त्यसको लागि पत्रकार महासंघको साथ चाहिन्छ उनले भने ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका उप-सचिव राजन पौडेलले मन्त्रालयले कानूनको परिधिमा रहेर गर्न सकिने कारवाही गर्ने जनाए ।

पत्रकार महासंघका महासचिव रमेश विष्टले पत्रकार महासंघले गलत पत्रकारको पक्षपोषण नगरेको भन्दै सँधै सत्यको पक्षमा रहने बताए । महासचिव विष्टले गलत काम गर्ने पत्रकारलाई सार्वजनिक प्रतिकार गर्नुपर्ने भन्दै काउन्सिल र महासंघ एउटै पक्षमा रहेको बताए ।

प्रेस काउन्सिल नेपालका सहप्रशासकीय अधिकृत दीपक खनालले के समाचार हो र सामग्री हो ? त्यसको पहिचान गर्नसक्नु पर्ने बताए । केही अनलाइनमा समाचार नभएर गलत सामग्रीमात्र आउने गरेको भन्दै उनले त्यस्ताको पछि लाग्न नहुने धारणा राखे । सह- प्रशासकीय खनालले दर्ता नभएको अनलाइनको हकमा स्वत नेपाल दूरसञ्चार प्राधिकरणले कारवाही गर्नुपर्ने बताए ।

प्रेस काउन्सिल नेपालका उप-प्रशासकीय अधिकृत रामशरण बोहराले न्यूज पोर्टलको रुपमा सञ्चालन गरी नेपालको ऐन, नियम, निर्देशिका एवम् विधि बमोजिम दर्ता/सूचीकरण नभएका अनलाइन पोर्टलबाट सम्प्रेषित अतिरञ्जित सामग्री र कारवाहीको अवस्थाबारे जानकारी दिएका थिए । उनले पत्रकार तथा सञ्चारमाध्यमको काम, कर्तव्य र अधिकार तथा कारवाही र निर्णय प्रकृया, सूचीकरण र वर्गीकरणबारे जानकारी दिए । बोहराले काउन्सिलमा हालसम्म अनलाइन १७४७,रेडियो तथा एफएम ८४०, टेलिभिजन १५३ तथा नियमित पत्रिका ९१२ दर्ता भएको जानकारी दिँदै जनगुनासो र अनुगमन, उजुरी र कारवाही, खण्डन र सचेत, जानकारी, अनुगमनमा प्रविधिको प्रयोग, आचारसंहिता उल्लंघनका प्रकृति, अनुगमनको तरिकाहरुकाबारे जानकारी दिएका थिए ।

सूचना तथा प्रशारण विभागका निर्देशक सुमन बज्राचार्यले १ महिनाको अवधिमा ८१ वटा अनलाइन विभागमा दर्ता भएको बताए । उनले चाइनामा जम्मा ५ सयवटा मात्रै अनलाइन भएको सन्दर्भमा नेपालमा यतिधेरै अनलाइन हुनु अस्वभाविक भएको भन्दै नियमन गर्नुपर्ने बताए ।

छलफलबाट समय तोकेर अनलाइन दर्ता हुन सूचना जारी गर्ने र दर्ता नभएका अनलाइनलाई निश्चित समयभित्र अनलाइन दर्ता गर्न जानकारी गराउने सहमति भएको छ । यस्तै कार्यविधिमा टेकेर जति अधिकार छ त्यसलाई कार्यान्वयन गर्ने, एउटा समिति /कार्यदल बनाएर महिनामा एकपटक यस्ता सामग्रीहरू एवम् समस्याबारे जानकारी गर्ने, समितिमा (काउन्सिल, पत्रकार महासंघ, सूचना तथा प्रशारण विभाग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, केन्द्रीय अनुसन्धान ब्युरो, महान्यायाधीवक्ताको कार्यालय तथा केन्द्रीय अपराध अनुसन्धान महाशाखाका प्रतिनिधि) रहने गरी प्रस्ताव गर्न सहमति भएको छ ।

## अभावबीच मैदानको संरक्षण गरिँदै

**बिर्तामोड, साउन ३०।** पवित्रादेवी खनाललाई खेतीपातीको यो मौसममा धानबालीको भन्दा बढी रंगशालाको संरक्षणको चिन्ता छ ।

उनको चिन्ता अन्तर्राष्ट्रिय प्रतियोगिता सम्पन्न भइसकेको डोमालाल राजवंशी रङ्गशालाको संरक्षणको हो । प्रतियोगिता सकेर अर्को संस्करण शुरु नहुञ्जेलसम्म अरुतिरका खेल मैदानलाई संरक्षणमा खासै चासो दिइँदैन । तर, बिर्तामोड-३ बिर्ताबजारमा रहेको सो रंगशालाको स्वरुप नबिग्रियोस् भनेर संरक्षण समितिले मध्य बर्खामा समेत काम गरिरहेको छ ।

बिहान ७ बजे नै मैदान आइपुग्ने खनाल अनावश्यक झार उखेल्नमै व्यस्त हुन्छिन् । उनी भन्छिन्- 'हाम्रो काम भनेको दिनभरि झार उखेलेर फ्याल्ने हो ।' उनीहरु तीन वर्षदेखि यसरी नै बर्खाका बेला मैदानमा जागिरे बनेका छन् । झापा गोल्डकपजस्तो प्रतिष्ठित प्रतियोगिता हुने सो मैदानलाई जोगाइ राख्नका लागि समितिले काम गर्ने गरेको बिर्तामोड-३की मुना भट्टराईले बताइन् । उनी पनि दैनिक झार उखेल्नमै खटिइन्छिन् ।

मैदानको आकर्षण नघटोस् भनेर समितिले काम गरिरहेको भए पनि आर्थिक रुपमा कहीँबाट सहयोग प्राप्त नभएको समितिले जनाएको छ । बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पशुपति खतिवडा यो कामको प्रशंसा गर्छन् । उनी खेलकुद विकास समितिमार्फत चौरीको संरक्षणमा जुट्ने बताउँछन् ।

तर, डोमालाल राजवंशी रंगशाला संरक्षण समितिका संयोजक जलकुमार गुरुङले समयमै झार नफ्याल्ने हो भने प्रतियोगिता गर्ने बेलामा समस्या हुने बताए । 'यसरी झार उखेल्ने अस्थायी काम हो'- गुरुङले भने- 'यसको दीर्घकालीन योजना हुनैपर्छ ।' झापाकै गौरवका रुपमा रहेको यो रङ्गशालालाई बचाइराख्न जरुरी रहेको उनी बताउँछन् ।

मैदान व्यवस्थापनको खर्च भने समितिले आफैँ जुटाउँदै आएको छ । स्थानीय सरकारलाई संरक्षणमा सहयोग गर्न आग्रह गरे पनि वास्ता नगरेको उनको गुनासो छ । यो मैदानलाई देशकै उत्कृष्ट बनाउन सबै लाग्नुपर्ने उनको धारणा छ । मैदानको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको पनि रहेको बिर्तामोड-३का वडाध्यक्ष भोजराज सिटौला बताउँछन् । त्यस्तै, मैदानको नियमित व्यवस्थापनमा नगरपालिका र वडा कार्यालयले आगामी दिनमा सहयोग गर्ने उनको भनाइ छ ।

## पाथीभरा गोल्डकपमा इलामको विजयी शुरुवात

**ताप्लेजुङ, साउन ३०।** लाखेजात्राको अवसरमा आयोजना गरिने पाथीभरा गोल्डकप फुटबल प्रतियोगिताको चौथो संस्करणको पहिलो दिनको पहिलो खेलमा ताप्लेजुङको घरेलु टिम पोमू केन्छाङ क्लबलाई रेडहर्स क्लब इलामले ०-३ गोलले पराजित गरेको छ ।

भानु माध्यमिक विद्यालयको प्राङ्गणमा भएको खेलमा रेड हर्सका पासाङ सेर्पाले खेल शुरु भएको ८औं मिनेटमा १ गोल गर्दै अग्रता दिलाएका थिए । रेडहर्सका पपुवा न्यूगिनीका खेलाडी फोफोनाले १७ मिनेटमा १ गोल गर्दै टिमलाई २ गोलले अग्रता दिलाए । पछि फोफोनाले नै अर्को गोल गरेपछि नतिजा ३-०मा पुगेको हो ।

विदेशी खेलाडी फोफानाले म्यान अफ द म्याच हुँदै ५ हजार रुपैयाँ प्राप्त गरे । बिहीबारबाट शुरु भएको पाथीभरा गोल्डकपको उदघाटन जिल्ला समन्वय समितिका संयोजक घरेन्द्र मादेनले गरेका थिए । खेल अगाडि विभिन्न जातजातिका झाँकी तथा राष्ट्रियता झल्किने गीतमा नृत्य प्रतियोगिता गरिएको थियो ।

खेलमा प्रथम हुने टिमले ५ केजी चाँदी तथा ३ तोला सुनजडित कपसहित ३ लाख ११ हजार रुपैयाँ र उपबिजेताले १ लाख ५१ हजार रुपैयाँ पाउने आयोजकले बताएको छ ।

## हात्ती रोक्ने विद्युतीय धरापमा पर्दा...

**बिर्तामोड, साउन ३०।** झापाको मेची नगरपालिकामा करेन्ट लागेर विहीवार एक व्यक्तिको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मेचीनगर-९ मागुरवाडी निवासी ६० वर्षीय गंगा थपलिया रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । हात्तीबाट जोगिन घर पछाडि विजुलीको नाङ्गो तारमा करेन्ट छाडेको र उक्त तार छुँदा उनलाई करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । करेन्ट लागेर थपलियाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

## वडाध्यक्षलाई मोसो र चप्पलको माला

**झापा, साउन ३०।** सरकारद्वारा प्रतिबन्धित नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट नेकपाले भ्रष्टाचार गरेको भन्दै म्याग्दीका एक वडाध्यक्षलाई मोसो दलेर चप्पलको माला लगाएको छ ।

बिहीबार बिहान ९ बजेको समयमा वडा कार्यालयमा बसिरहेका बेनी नगरपालिका-२ ज्यामरुककोटका वडाध्यक्ष हिराबहादुर थापालाई उक्त समूहले मोसो दलेको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रमुख प्रहरी नायव उपरीक्षक महेन्द्रप्रसाद मरासिनीले जानकारी दिए ।

'घटनास्थलमा डायरीको पानामा कारबाही स्वरूप यो काम गरेको बताउँदै आफ्नै समूहको नाम उल्लेख गरेको छ'- उनले भने- 'उनीहरूको खोजीको लागि म आफैँ पनि खटिएको छु । मसहितको टोली अहिले मोसो दलिएको वडा कार्यालय ज्यामरुक कोटमा नै छौँ ।'

यसैबीच वडाध्यक्ष थापालाई नियन्त्रणमा लिएर गरिएको व्यवहार अमानवीय भएको भन्दै नेकपा म्याग्दीले घोर भर्त्सना गरेको छ । नेकपाका जिल्ला सचिव हरिकृष्ण श्रेष्ठले जनताको मतद्वारा निर्वाचित भएर जनताकै सेवामा खटिएका बेला यस्तो हस्तक्षेप गर्नु अमानवीय भएको भन्दै त्यसको निन्दा गरिएको बताए ।

वडाध्यक्ष थापाले वडा कार्यालयमा काम गरिरहेको समयमा बिप्लवका केही कार्यकर्ताहरू आएर जबरजस्ती मोसो दलेर भागेको नेकपाका नेताहरूले बताएका छन् ।

## दलित आयोग तीन वर्षदेखि पदाधिकारीबिहीन

**काठमाडौँ, साउन ३०।** ललितपुरको जाउलाखेलस्थित राष्ट्रिय दलित आयोग विगत करिब साढे तीन वर्षदेखि पदाधिकारीविहीन छ ।

लामो समयदेखि आयोग पदाधीकारीविहीन हुँदा दलित समुदाय सेवाबाट बञ्चित भएका छन् । आयोगमा कर्मचारी भए पनि जातीय भेदभाव तथा छुवाछूतका घटना दर्ता गर्ने काम मात्र भएको छ । पदाधिकारी नहुँदा अहिले ती मुद्दाको बारेमा सरकारलाई निर्देशन दिनुको सट्टा व्यवस्थापन मात्र गरिएको छ ।

नेपालको संविधानमा १३ संवैधानिक आयोगको व्यवस्था गरिएको छ । जसमा १० आयोगमा पदाधिकारी नियुक्त भए पनि दलित आयोगमा भने अझै पदाधिकारी नियुक्त भएको छैन । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता जीतु गौतमले अन्य आयोग गठन भए पनि लामो समयदेखि दलित आयोग गठन नहुँदा सिङ्गो दलित समुदाय मर्काका परेको भन्दै जतिसक्दो चाडो नियुक्त गर्नुपर्ने माग गरे ।

संविधानको धारा २५५मा नेपालमा एक राष्ट्रिय दलित आयोग रहनेछ, जसमा अध्यक्ष र अन्य चार सदस्य रहनेछन् भनी व्यवस्था गरेको छ । आयोगले दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने संवैधानिक व्यवस्था छ ।

दलित अधिकारकर्मी परशुराम रस्तेलले आयोग पदाधिकारीविहीन हुँदा दलित समुदायका मुद्दा ओझेलमा परेको भन्दै तत्काल गठन गर्न अपिल गरे ।

### रक्षाबन्धनका ...

एकाडेमी स्कूलमा कक्षा ६मा पढ्दा पढ्दै संस्कृत शिक्षा लिन थालेको बताएका छन् । उनले अहिले रुद्रीको शिक्षा लिइरहेको बताए ।

सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा बिधान तयार गरी जेले जसले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, बिचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा यो पर्व मनाउन शुरु गरिएको हो ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षामा चलमा चल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने बैदिक परम्परा रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा.डा. रामचन्द्र गौतमले बताए ।

मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो आज वैदिक मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको नाडीमा बाँधिदिएका छन् । स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिहरुलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिएको छ । आजको दिन सप्तऋषिहरु काश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वमित्रलाई तर्पण दिने गरिन्छ । ऋषिलाई तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो । आजै मन्त्रिएको जनै फेर्ने गरिएकाले नै श्रावण शुक्ल पूर्णिमालाई जनैपूर्णिमा पनि भनिन्छ ।

वैदिक गुरु परम्परा अनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रुपमा मानिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रुपमा पुजिन्छ । अर्को डोराको तीनवटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रुपमा लिइन्छ ।

आजका दिन एघार थरीका गेडागुडी मिसाई भिजाएर टुसा उमारी क्वाँटी बनाएर खाने गरिन्छ । यसरी क्वाँटी बनाइ खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकालीभित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक मान्यता छ ।

नेपालको तराई क्षेत्रमा भने आजकै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर रक्षाबन्धन मनाइएको छ । यसबाट दिदी बहिनी र दाजुभाइकाबीचमा प्रेम सम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ ।

यस अवसरमा काठमाडौँको पशुपतिलगायत शिवालय, उपत्यकाको उत्तर पूर्वी भेगस्थित मणिचूड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गङ्गासागर, जुम्लाको दानसाधु एवम् नवलपरासीको त्रिवेणीधाम लगायतका ताल, पोखरी र कुण्डहरुमा मेला लागेको छ ।

नेवारी समुदायले भने श्रावण शुक्ल पूर्णिमालाई गुन्हु पुन्ही भनी मनाएका छन् । विशेषगरी क्वाँटी खाने परम्परा नेवारी समुदायको यसै पर्वबाट आएको हो भन्नेतर्क पनि एकथरी संस्कृतिविद्को छ । आजका दिन नेवारी समुदायका मानिसले घण्टाकर्ण राक्षसलाई समाप्त पार्न योगदान गरी मानवीयतालाई बचाउन सहयोग गरेको विश्वासमा भ्यागुतालाई पूजा गरेका छन् ।

बौद्ध दर्शनलाई अँगाल्ने बौद्ध धर्मावलम्वीले भने आजको दिनलाई भगवान् गौतम बुद्धले कामशक्तिमाथि विजय प्राप्त गरेको सम्झनाको दिनका रुपमा मनाउने गर्दछन् । बौद्ध धर्मग्रन्थ ललितबिस्तरमा यससम्बन्धी विस्तृतरुपमा ब्याख्या गरिएको छ । यसैका कारण स्वयम्भूमा पनि विशेष मेला लागेको छ ।

### ग्यासको ...

**बिजुली प्रयोगका फाइदा**

न्यौपानेका अनुसार काभ्रेको बालुवामा हालै गरिएको एक अध्ययनमा विद्युतीय उपकरण प्रयोग गर्ने भान्सामा एलपी ग्यास प्रयोग गर्दाभन्दा खर्च कम भएको पाइएको छ ।

उनले भने- बिजुली प्रयोग गर्दा प्रतिदिन तीन रुपैयाँ सस्तो पर्न गएको पाइयो। वातावरण र स्वास्थ्यमा पुग्ने फाइदा त छँदैछ । विज्ञहरू भन्छन् नेपालमा उत्पादित बिजुलीको उपभोग बढीभन्दा बढी गर्ने हो भने इन्धन र ऊर्जाको लागि नेपालको परनिर्भरता क्रमशः घट्दै जाने छ ।

नेपाल आयल निगमका अनुसार देशभित्र इन्धन र ऊर्जाको स्रोत नहुँदा गत आर्थिक वर्षमा करिब दुई खर्ब रुपैयाँको पेट्रोलियम पदार्थ आयात गरिएको थियो । निगमका प्रवक्ता वीरेन्द्र गोइत भन्छन्- पेट्रोलियम पदार्थको आयात क्रम वर्षेनि १० प्रतिशत औसतले बढ्दै छ ।

बिजुलीको प्रयोग बढेर त्यसको उपभोग घट्न थाल्यो भने हाम्रो अभिलेखमा देखिन्छ । अहिले त्यस्तो अवस्था छैन । निगमका अनुसार गाडीमा प्रयोग गरिने पेट्रोल र डिजल मात्र होइन, भान्सामा प्रयोग हुने एलपी ग्यासको आयात पनि बढ्दो छ । गत आर्थिक वर्षमा करिब तीन करोड २० लाख सिलिन्डर भर्न पुग्ने चार लाख २९ हजार मेट्रिक टन एलपी ग्यास आयात भएको थियो ।

**बिजुलीको सम्भावना**

यसै साता अंग्रेजी साप्ताहिक नेपाली टाइम्समा वातावरणविद् अनिल चित्रकारले विगत १० वर्षमा नेपालमा एलपी ग्यासको आयात चार गुणाले बढेको बताएका छन् ।

चित्रकार लेख्छन्- एलपी ग्यासको आयातले अहिले देशको कूल आयातको २.५ प्रतिशत हिस्सा ओगट्न थालिसकेको छ । बिजुलीको प्रयोग गरेर भात पकाउँदा त्यति धेरै फरक नपर्ला । तर, हरेक वाट बिजुलीको महत्व छ । बिजुली आपूर्ति अविरल हुने हो भने घर र भान्सामा विद्युतीय उपकरणको प्रयोग बढ्ने सम्भावना देखिन्छ ।

गण्डकी प्रदेशको हिमाली जिल्ला मुस्ताङको घरपझोङ गाउँपालिकाकी उपाध्यक्ष शर्मिला गुरुङ भन्छिन्- अहिले ग्यास नै बढी प्रयोग भइरहेको छ । तर, बिजुली नियमित हुने हो भने सबैले इन्डक्सन चुलोको बढी प्रयोग गर्न थाल्नेछन् । (वीवीसी)

### पत्रकार ...

गरेको छ । साथै, मृतक पत्रकारका परिवारलाई उचित राहत र क्षतिपूर्ति उपलब्ध गराउन पनि सम्बन्धित पक्षसंग महासंघले जोडदार माग गरेको छ ।

महासंघ दिवंगत पत्रकार पुडासैनीप्रति हार्दिक श्रद्धाञ्जलि प्रकट गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना र शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ ।

### १ अर्ब ...

हुन लागेको हो । बाँकी खण्ड कालोपत्र भइसकेको छ । सो सडक रु. ५३ करोड ३३ लाख छ हजार ४८१ लागतमा निर्माण हुनलागेको पूर्वाधार विकास कार्यालय पाँचथरले जनाएको छ ।

शिवादोभान-लुम्फाबुङ-नवमीडाँडा सडकको १३.९२१ किलोमिटर कालोपत्र हुन लागेको हो । यो सडक कालोपत्र निर्माणको ठेक्का कान्छाराम याक्थुङ्हाङ जेभीले रु. ७६ करोड २२ लाख ४५ हजार ५८३ लागतमा जिम्मा लिएको उक्त कार्यालयले जनाएको छ । यो सडकले फिदिम नगरपालिका वडा नं. ९ तथा फाल्गुनन्द गाउँपालिकालाई कोशी करिडोर र सदरमुकाम फिदिमसम्म जोड्नेछ ।

फिदिम-फालोट सडकको फिदिम-नाङ्गीन खण्ड कालोपत्र हुन लागेको हो । फिदिम-१ अदालत गेट छेउबाट फिदिम-११ सल्लेरीसम्म १०.११२ किलोमिटर सडक कालोपत्र हुनलागेको हो । उक्त निर्माणको जिम्मा कन्काई पीएस जेभीले रु. ५२ करोड ६७ लाख ३० हजार ८१३ लागतमा लिएको पूर्वाधार विकास कार्यालय पाँचथरका प्रमुख भरतकुमार यादवले जानकारी दिए । फिदिम-फालोट सडक भारतको सिक्किमसँग सीमा जोडिएको स्थानसम्म पुग्छ ।

यो सडकले फिदिम नगरपालिकाका वडा नं ११ र १२ तथा फालेलुङ गाउँपालिकालाई सदरमुकामसम्म जोड्नेछ । फिदिम-फालोट सडकको बाँकी खण्डको स्तरोन्नति गर्ने कार्य समेत चलिरहेको पूर्वाधार विकास कार्यालय पाँचथरका प्रमुख यादवले बताए ।

पूर्वाधार विकास कार्यालयबाटै राँके-रबि-छ नम्बर बुधबारे सडक अन्तर्गत राँके बजारभित्र ३७० मिटर आरसीसी ढलानकार्य सम्पन्न भइसकेको छ । अधिकारी एण्ड ईश्वरी जेभीले रु. एक करोड १५ लाखको लागतमा निर्माण सम्पन्न गरेको उक्त सडकको प्रदेश नं. १का आर्थिक मामिला तथा योजनामन्त्री आङ्बोले हिजो उद्घाटन गरेका थिए ।

सवारी तथा मानवीय चाप अधिक हुने यी सडकको कालोपत्र भएसँगै दैनिक आवतजावत, कृषि उपज निर्यातमा ठूलो सघाउ पुग्ने जिल्ला समन्वय समिति पाँचथरका प्रमुख विष्णुप्रसाद सापकोटाको भनाइ छ ।

जिल्लामा पहिलोपटक ग्रामीण सडक कालोपत्र हुन लागेको हो । सडक कालोपत्र नहुँदा ग्रामीण क्षेत्रका सडकमा निश्चित समयमा मात्रै सवारीका साधन सञ्चालन हुने गरेका छन् । यसले गर्दा चाहेको समयमा सवारीका साधन नपाउँदा स्थानीयवासीले सास्ती व्यहोर्नु परिरहेको छ ।

डाक्टर आउने बारेको सूचना
डा. लवराज लोहनी
वरिष्ठ बथरोग विशेषज्ञ
Rheumatologist (AIMS)
MD Intermale Medicine (NAMS)
NMC No. 11300
नेशनल बाथरोग सेन्टर रातोपुल काठमाडौंबाट
प्रत्येक महिनाको पहिलो शुक्रवार र शनिवार
यसपटक भाद्र ६ र ७ गते
सम्पर्क :
नेशनल बाथरोग सेन्टर
भद्रपुररोड, बिर्तामोड, झापा
फोन : ०२३-५४०५४५/५४१११७

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# सांस्कृतिक गौरवको रक्षा गरौं

**वैदिक सनातन धर्म विश्वकै पहिलो सभ्यता हो । वेदको रचना गर्ने व्यासले त्यसयुगमा सृजना गरेको रचना आज पनि विश्वकै लागि उदाहरणीय र अनुकरणीय रहेको छ । वेदले अङ्गिकार गरेको आदर्श नै मानव सभ्यतालाई यो उचाइसम्म पुऱ्याउन सक्षम छ । त्यही भएर आधुनिक र विज्ञानको युग भनिने समयमा पनि वेदकै अनुशरण गरिँदैछ । आधुनिक वा अत्याधुनिक भन्ने आजका विकसित समाज र राष्ट्रहरुमा पनि वैदिक संस्कृतिको अनुशरण गर्न थालिएको दृष्टान्तहरु सार्वजनिक भइरहेका छन् । 'बालीनाली अर्काको राम्रो देख्ने' मानसिकताले तिनै सनातनी सभ्यताका सन्ततिहरु दिग्भ्रमित भइरहेका छन् आज । त्यही भएर वैदिक, पौराणिक एवम् सांस्कृतिक मूल्य र मान्यतालाई पूरातनवादी, रुढीग्रस्त र काम नलाग्ने भन्दै त्याग गर्ने मानसिकता हुर्किँदैछ ।**

**परम्परागत संस्कार र संस्कृतिप्रति विरत् बन्दै नवपुस्ता नवीनता खोज्न दौडिँदैछ । कतिपय सांस्कृतिक पहिचानहरु विलय भइसकेका छन् । जन्मदेखि मृत्युपर्यन्त गरिने संस्कारहरुमा नवीनताको खोल लगाएर 'रङ्गमा डुबेको श्याल' जस्तै बनिँदैछौं । यस्तोमा केही उही नाममा नयाँ पद्धति जोडिँदैछ भने तिनको सांस्कृतिक विशिष्टता लोप हुँदैछ । यसले अमूल्य पहिचान कमजोर मात्र होइन मौलिकताविहीन जाति बनाउने खतरा बढाएको छ । जन्मपछि गरिने न्वारन, अन्नप्राशन, छेवर, उपनयन, विवाह र मृत्युपछि गरिने अन्त्येष्टि वा पितृश्रद्धाका कर्महरु आफू अनुकूल, लोकाचार अथवा प्रदर्शनका लागि मात्र हुन थालेको छ । तागाधारी जातिसँग न शिखा छ न त काँधमा जनै धारण गरिएको छ । यस्तै द्वैध चरित्र प्रदर्शनकै बीच पनि लौकिकताका लागि जनै धारण गर्नेहरुले वर्षेनि करोडौं रुपैयाँको जनै आयात गर्ने गरेको समाचार सार्वजनिक भएको छ ।**

**उपभोग्य वस्तुको उत्पादन आफ्नो देशमै नहुञ्जेलसम्म आर्थिक समृद्धि सम्भव छैन । जनै केवल सांस्कृतिक पहिचान मात्र हो त्यसैले यसको उत्पादन स्वदेश मै हुनुपर्छ । जनै जसलाई यज्ञोपवित भनिन्छ, त्यसको धार्मिक एवम् सांस्कृतिक परिचय बेग्लै छ जो हाम्रो आस्था र विश्वाससँग जोडिएको छ । सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता ब्रह्मा, विष्णु र महेशको प्रतिकका रुपमा लिइएको जनै त्यही मूल्य र मान्यताका आधारमा ग्रहण र धारण गर्नुपर्छ । त्यो पनि मान्यता विपरीत उत्पादन भई विदेशबाट आयात हुनुले वैदिक संस्कृतिको अपमान समेत भएको छ । त्यसैले स्वाभिमान र जातीय गौरवका खातिर पनि खासगरी वैदिक विद्यालयहरु, पीठ तथा गुरुकुलको परम्पराबाट सञ्चालित शिक्षालयहरु त्यसप्रति गम्भीर हुनै पर्छ ।**

**वैदिक संस्कृतिमा ब्राह्मण, क्षत्री र वैश्य जातिले यज्ञोपवित धारण गर्नुपर्छ । यज्ञोपवित शास्त्रीय एवम् वैदिक विधिले निर्माण गर्नुपर्छ र यसरी निर्माण गरिएको यज्ञोपवित अर्थात् जनै शास्त्रोक्त विधिले नै संस्कारित हुनुपर्छ । यसको महत्व र गरिमा संरक्षण गर्न र बढाउन संस्कृति र परम्परालाई माया गर्नेहरुले नै अघि सर्नुपर्छ । त्यसो भएमात्र धारक पक्षलाई जनै औपचारिकता मात्र होइन पहिचान हो भन्ने भावना जाग्रत गराउन सकिन्छ । त्यही आवश्यकताको बोध गरेर 'जरोकिलो प्रतिष्ठान'ले जनै बनाउने परम्परागत शैलीलाई जोगाउने अग्रसरता देखाएको छ । यो अग्रसरता स्वेदशी वस्तुको प्रयोग तथा आयात प्रतिस्थापनका लागि सहायक बन्न सक्यो र धारण गर्नेहरुलाई पनि मेरो मौलिक पहिचान हो भन्ने बुझाउन सक्यो भने ठूलो उपलब्धि सावित हुनेछ ।**

# लोकतन्त्र : आचरण र व्यवहार कि भ्रम र प्रपोगाण्डा ?



विष्णुप्रसाद खरेल

नेपालमा पूँजीवादको संस्कृति, वामपन्थी राजनीति र प्रजातन्त्रबारे अनुसन्धानमा संलग्न डा. स्टेफनका माइकसेल अनुसार- 'प्रजातन्त्रलाई देशबाहिर र भित्र दुबैतिरबाट खतरा भएकाले संघर्षद्वारा नै यसको उदय हुन्छ र संघर्षद्वारा नै यसलाई बचाइ राख्न सकिन्छ। देशभित्र प्राचिन विश्वका कुलीनवर्गहरु वा निरंकुशहरु वा आजको विश्वका सैनिक, औद्योगिक र विकासे ठेकेदारहरु तथा व्यापारी र सुरक्षा सम्बन्धी निकाय र राज्यबीचका गठबन्धनहरु जस्ता राज्यमाथि नियन्त्रण कायम गर्न चाहने समूह वा व्यक्तिहरु रहेका हुन्छन्। प्रायः यी समूहहरु आफूलाई प्रजातन्त्रका सबैभन्दा ठूला समर्थकका रुपमा प्रस्तुत गर्दछन् र प्रजातन्त्रका निम्ति लडिरहेकाहरुलाई चाहिँ प्रजातन्त्रका शत्रुहरु र राज्यका शत्रुहरुका रुपमा चित्रित गर्दछन्।' डा. स्टेफनले भने जस्तै अवस्था नेपालको राजनीतिमा देखिन थालेको छ। यो स्तम्भकार यसैको विश्लेषणमा केन्द्रित छ।

नेपालको राजनीतिमा राजनीतिक शक्तिहहरुको चरित्रमा अचम्मको परिवर्तन देखएकै हो। एकात्मक राजतन्त्रात्मक व्यवस्था संवैधानिक राजतन्त्रमा बदलिनु, सर्वहारा वर्गको अधिनायकत्वमा विश्वास गर्ने र त्यसैका लागि अहोरात्र संघर्ष गर्ने कम्युनिष्टहरु बहुलवादमा रुपान्तरित हुनुले नेपालको राजनीति सुधारोन्मुख भएको धेरैले विश्वास गरेका छन्। तर, सुधारोन्मुख भएकाहरु प्रजातान्त्रिक चरित्रका छन् या अनुसन्धानकर्ता डा. स्टेफनले भने जस्तै आफूलाई घोर प्रजातान्त्रिक देखाउन देश र प्रजातन्त्रका लागि ( अहिले राष्ट्रवादी र लोकतन्त्रवादी भन्ने गरिन्छ) निरन्तर लडिरहेकाहरुलाई राष्ट्र र प्रजातन्त्रका शत्रुका रुपमा व्याख्या गरेर आफूलाई घोर राष्ट्रवादी र लोकतन्त्रवादीका रुपमा देखाउन भ्रम र प्रपोगाण्डाको राजनीति गरिरहेका छन् ? यो बहस अहिले कमजोर बनेको छ।

राजनीति सदैव वैचारिक बहसमा केन्द्रित हुनुपर्दछ। यो मेरो मान्यता हो। वैचारिक बहसले मात्र राजनीतिक शक्तिहरुको सही र वास्तविक विश्लेषण गर्न सक्दछ। विगतको स्तम्भ लेखमा नेकपाका राजनीतिज्ञ युवराज ज्ञवालीले प्रस्तुत गरेको विचारलाई उल्लेख गरेको थिएँ। उनले भनेका छन्- 'पहिला गिटी कुट्ने कम्युनिष्ट हुन्थे, अहिले बालुवा र गिटीका ठेकेदारहरु कम्युनिष्ट भएका छन।' हेर्दा यो सामान्य लाग्न सक्दछ। तर, यसभित्र कम्युनिष्टहरुमा आएको सैद्धान्तिक विचलनको बलियो तर्क भेटिन्छ। यही सैद्धान्तिक विचलनमा देखिने राजनीतिक आचरण र व्यवहारका बारेमा केही लेख्ने प्रयास गरेको छु। यो लेखन श्रृंखलाका आधारहरुमा नेपालको राजनीतिक शक्तिका स्थापित समर्थक र अभियानकर्ताहरुसँगको भेटघाट र कुराकानीलाई मुख्य आधार बनाएको छु। नेपालका राजनीतिक शक्तिका रुपमा रहेका राजततन्त्र समर्थकहरु, कांग्रेस समर्थकहरु र वामपन्थी समर्थकको आचरण, व्यवहार र वर्तमान विश्लेषणलाई प्रतक्ष्य भेटघाट र कुराकानीका आधारमा तयार पारेको छु। लेखनको यो श्रृंखलामा चयन गरिएका पात्रहरु वर्तमान राजनीतिमा के धारणा राख्दछन् र वर्तमान राजनीति कता जाँदैछ भन्ने विश्लेषण प्रस्तुत गर्ने प्रयास गरेको छु।

मैले यस स्तम्भमा राजतन्त्रको बलियो समर्थकका रुपमा रहेका विद्वान व्यक्तित्व रवीन्द्र चक्रवतीसँगको भेटमा भएका कुराकानीहरुको सन्दर्भलाई उल्लेख गरेको छु। नेपालको राजनीतिमा कसैले चाहेर वा नचाहेर भए पनि राजतन्त्रको बहस बलियो भएर आउन थालेको छ। विश्वको राजनीतिमा लोकतन्त्रको बहस बलियो र निरंकुशताको बहस कमजोर बनिरहेको बेला राजन्त्रका बलिया समर्थकहरु के भन्छन् भन्ने विश्लेषण पनि कम महत्वको हुँदैन। विगतमा सर्वहारा वर्गको अधिनायकत्वमा एकदलीय शासन व्यवस्थामा विश्वास गर्ने कम्युनिष्टहरु अहिलेको राजनीतिमा सबैभन्दा उत्कृष्ट लोकतन्त्रवादी हुने आडम्बर गरिरहेका बेलामा विगतका राजतन्त्रवादीहरु के सोचिरहेका छन् र के विश्लेषण गरिरहेका छन् ? यो पनि कम सान्दर्भिक हुँदैन। अझ, प्रजातन्त्रका लागि घरवारविहिन भएकाहरु र रुपान्तरित रुपमा प्रजातन्त्रवादी भएका तर कम्युनिष्ट विचारबाट ओतप्रोत भएका पुराना कम्युनिष्ट राजनीतिज्ञहरु के सोचिरहेका छन् र के भइरहेको छ ? यो पनि उत्तिकै महत्वको हुनेछ। स्तम्भकारले यी सबै पक्षहरुका विचारलाई बिना पूर्वाग्रह आगामी स्तम्भहरुमा उल्लेख गर्ने प्रयास गर्ने नै छ।

राजतन्त्रका समर्थक रवीन्द चक्रवर्तीको घर, झापाको भद्रपुर नगरपालिकामा पुगियो। नगरपालिकाको मध्यवर्ती भागमा रहेको सामान्य टोल, जहाँ गरिबी र सुविधाहिनता प्रष्ट देखिन्थ्यो। सायद दश फिटको चौडा कच्ची बाटो। हामीले लिएर गएको सानो गाडी घुम्ने ठाउँ पनि थिएन। मूल सडकमा नै गाडीलाई राखेर पैदल पुगियो। चक्रवर्ती निवास लेखिएको एउटा सामान्य घरले हामीलाई स्वागत गरिरहँदा म अचम्ममा परें। एउटा शक्तिहाली व्यक्तित्व यसरी पनि बसिरहेको हुन्छ, मैले कल्पना पनि गर्न सकिनँ। कुनै समयमा राजनीतिमा शक्तिहाली बनेका चक्रवर्ती एउटा सामान्य नागरिकका रुपमा रहन सक्छन् भन्ने कुराले नै राजनीतिक शक्तिबाट फाइदा लिने वर्तमान संस्कारकाविरुद्धमा उनी निर्भयका साथ जीवनयापन गरिरहेको मैले प्रत्यक्ष देखेँ। ढोकाबाट प्रवेश गरिरहँदा उहाँको सादगी जीवनको आभाष भयो। मैले कल्पना गरेँ, उहाँकै दर्जामा पुगेका अन्य राजनीतिक दलका नेताहरुको जीवनशैलीको।

उहाँको सादगी जीवनको छाप त ममा परिसकेको थियो। उहाँले हामीलाई घरभित्र लैजादै गर्दाको व्यवहारले अझ अच्चमित तुल्यायो। विरामी अवस्थामा रहनुभए पनि हामीलाई आत्मीयतापूर्वक स्वागत गर्नुभएबाट म अझ प्रभावित भएँ। केही समय उहाँको स्वास्थ्यमा केन्द्रित बनेका हामी, विस्तारै वर्तमान राजनीति र उहाँले लिनुभएको राजनीतिक मान्यतामा केन्द्रित बन्यौं। लोकतन्त्रका बारेमा उहाँको स्पष्ट धारणा थियो- 'लोकतन्त्र भनेको संस्कार, संस्कृति, आचरण र व्यवहार हो। यो अरुभन्दा फरक छ।' उहाँले लोकतन्त्रको संस्कारयुक्त अभ्यासको उदाहरणका रुपमा एउटा स्मरण सुनाउनु भयो। पञ्चायती शासनकालमा उहाँ अन्तर्राष्ट्रिय युवा उत्सवमा भाग लिन पूर्वी जर्मनी पुगेको, कुरा। महोत्सव सकिएपछिका दिनहरुमा प्रजातन्त्रको अभ्यास गरिरहेको मुलुक स्वीजरलैण्डको संसद कसरी चलिरहेको छ भन्ने उत्सुकताको, प्रसंग।

संसद भवनमा जान सार्वजनिक बस चढिरहेको बेला, एकजना बृद्ध उहाँहरुको पछाडि लाइनमा बस्नुभएको रहेछ। युवा उमेरका चक्रवर्तीलाई पाको उमेरका व्यक्तिलाई लाइनमा पछाडि राख्न मन लागेन छ। बृद्धलाई अगाडि आउन अनुरोध गर्दा मानेन छन् र भनेछन्- यो सिष्टम हो, जो अगाडि पहिला आएको छ उसले अगाडि बस्ने अधिकार राख्दछ। उक्त बस पार्लियामेण्ट पुग्यो। उहाँहरु दर्शकदिर्घामा बस्नुभयो। संसद शुरु हुना साथ अघिको बृद्ध व्यक्ति सभामुखको कुर्सीमा देखियो। अचम्म मानेर नियालेर हेर्दा बस चढ्ने लाइनमा पछाडि रहेका पाको उमेरका व्यक्ति सभामुखका रुपमा भेटिए। लोकतन्त्र के हो मैले त्यसैबेला थाहा पाएँ, उहाँले सुनाउनुभयो। लोकतन्त्र वा प्रजातन्त्र मुखले बोल्ने कोरा शब्द वा राजनीतिक भ्रम वा प्रपोगाण्डा मात्र होइन रहेछ। यो त जीवन, आचरण र व्यवहारसँग गाँसिएको हुनेरहेछ। उहाँको स्मरण सुनिरहँदा म अहिलेका लोकतन्त्रवादी भनिएको नेताहरुको आचरण, व्यवहार र जीवनशैलीको तुलना गरिरहेको थिएँ।



मेरो उत्सुकता झन् बलियो बनिरहेको थियो। राजनीतिको लामो विश्लेषणपछि मैले जिज्ञासा राखेँ, यो देशको विकास र समृद्धि कसरी हुन्छ ? सहज भावमा उहाँले भन्नुभयो यो देशको विकास र समृद्धिका नाममा धेरै राजनीतिक परिवर्तनहरु भए। राजा संवैधानिक भए र प्रजातन्त्रको अभ्यास गरे। त्यसबाट एउटा आशा पलाएको थियो। राजा, जनता र राजनीतिक दल एक भएर मुलुकको विकासमा लागेपछि केही हुन्छ भन्ने विश्वास पलाएको थियो, तर त्यो हुन सकेन वा हुन दिइएन। नेपालको राजनीतिमा बाह्य प्रभावले हामीलाई एक हुन दिएन। कमजोरी सबैको छ।

तर, हामी एकले अर्कालाई दोष दिएर आफू सर्वश्रेष्ठ हुने प्रयास गरिरहेका छौं। अस्तित्वका सवालमा हामी सबैको अडान ठीक होला, तर देश, जनता र समृद्धिको सवालमा हामी सफल हुन सकिरहेका छैनौं। एउटा शक्तिले अर्को शक्तिको अस्तित्व स्वीकार गर्न नसक्ने मनोरोगले नेपालको राजनीति दुषित बनेको छ। उहाँको अडान थियो, राजाभन्दा बलियो राष्ट्रवादी अरु कोही हुन सक्दैन। राजतन्त्रको मियोमा नै राष्ट्रवाद बलियो हुनसक्छ। राज्य नै रहेन भने न त जनता न त शासन व्यवस्था रहन्छ। वर्तमान राजनीतिमा सबैमा परिवर्तन र सबैमा शक्तिको स्वीकार्यता देखिन आवश्यक छ। त्यो भयो भने मात्र यो मुलुकको विकास र समृद्धि सम्भव छ।

लोकतन्त्रलाई कसरी हेरिरहनुभएको छ भन्ने जिज्ञासामा उहाँको सहज र शालीन जवाफ थियो- लोकतन्त्र भनेको शब्दहरुको सञ्जाल मात्र होइन यो त आचरण, व्यवहार, जीवनशैली र अभिव्यक्त शब्दहरु पनि हुन। लोकतान्त्रिक आचरण र व्यवहार भेट्न नसकेको उहाँको गुनासो थियो। राजनीतिमा घोचपेच, छेडखानी, अपमान र तिरस्कार लोकतन्त्रको चरित्र होइन। भ्रम र प्रपोगण्डले लोकतन्त्रलाई सुसंस्कृत बनाउन सक्दैन। अहिलेको राजनीतिक अभ्यासले लोकतन्त्रको मान्यतालाई जोगाउन सक्दैन। लोकतन्त्र भनेको सादगीपन पनि हो। उहाँमा देखिएको लोकतन्त्रप्रतिको चिन्ता अन्य राजनीतिक दलका नेताहरुमा देखिन्छ या देखिँदैन ? म अन्तरमनमा सोचिरहेको थिएँ।

संवैधानिक राजतन्त्र समाप्त भइसकेको अवस्थामा के राजतन्त्रको फरक स्वरुपमा अभ्युदय होला र ? मेरो जिज्ञासा थियो। सहज उत्तरमा उहाँले भन्नुभयो- यो जनतामा नीहित हुने कुरा हो। भ्रम र प्रपोगाण्डाबाट देशको विकास हुँदैन। देशको विकासका लागि एउटा विश्वास, निरन्तरता र अजय शक्तिको आवश्यकता पर्दछ। त्यो अजय शक्ति, विश्वास र धैर्यता जुन राजनीतिक शक्तिमा पलाउन सक्दछ त्यो अवश्य स्थापित हुनेछ। अहिले हरेक नागरिकले सोचिरहेका छन्, राजनीतिक परिवर्तन केका लागि ? वीपी कोइरालाले भनेको प्रसंग जोड्दै उहाँले थप्नुभयो- जतिबेला तिमी संकटमा पर्दछौं, देशको माटो हातमा लिनु र आँखा चिम्लिएर सोच्नु। अहिले नेपाली नागरिकहरुले त्यो गर्ने बेला आएको छ। एकपटक देशको माटो हातमा लिएर गम्भीर भएर सोच्नुहोस्, तपाईले जे अनुभूति गर्नुहुन्छ त्यो नै सत्य हो। नेपाली जनताहरु सत्यको खोजीमा छन्। उनीहरुले जे महशुस गर्दछन् राजनीतिमा त्यही हुन्छ।

विद्वान र शालीन व्यक्तित्व चक्रवर्तीसँग कुरा गरिरहँदा मैले अनौठो अनुभूति गरेँ। राजनीतिमा शक्तिको उच्च शिखरमा पुगेर पनि सामान्य जीवनशैली र शालिनतापूर्ण व्यवहारले मालाई प्रभावित तुल्यायो। कठिन विरामीको अवस्थामा पनि स्थानीय उपचारमा विश्वास गर्ने उहाँको शैलीले मलाई झन् आत्मिय बनायो। झाडापखाला लाग्दा पनि राज्यको कोष दोहन गर्ने वर्तमान नेता र कार्यकर्ताको शैलीप्रति घृणा जगायो। राजनीतिलाई कमाउ बनाउनेहरु स्थापित हुन थालेको वर्तमान सन्दर्भमा लोकतन्त्र नै उल्टो बाटोमा हिँडेको अनुभूति जगायो। वर्तमान नेताहरुमा पलाएको तुच्छ बोली, होच्याउने स्वभाव र अपमानका शब्दको प्रयोगबाट लोकतन्त्र झन् आलोचित हुने चेतना पलायो।

नातावाद, कृपावाद, कार्यकर्तामुखि प्रवृति, भ्रष्टाचार, अराजकता, प्रपोगाण्डा र भ्रममा मौलाएको राजनीतिभित्र मैलै लोकतन्त्रको अनुहार खोज्ने प्रयास गरेँ। तर, त्यो कुरुप देखियो। चिन्ता जगाउनु भो, पुराना राजनीतिज्ञ चक्रवर्तीले। नयाँ पीढिहरुले पुराना पीढिहरुबाट सिक्न धेरै रहेछ। सैद्धान्तिक विचलनमाबाट गुज्रिएको वर्तमान राजनीतिमा फेरि पनि नेकपाका नेता युवराज ज्ञवालीले भनेको स्मरणमा आउँछ- 'पहिला गिटी कुट्ने कम्युनिष्ट हुन्थे, अहिले बालुवा र गिटीका ठेकेदारहरु कम्युनिष्ट भएका छन्।'

# सिकाइका समस्या र समाधानका उपाय

डा. विष्णु कार्की

सिकाइका समस्या हरेक तहमा उत्तिकै व्याप्त छ। तर, तल्लो कक्षाहरु खास गरेर कक्षा एकदेखि तीनसम्मका विद्यार्थीहरुमा हुनुपर्ने न्यूनतम् सिकाइ सीपको स्तर ज्यादै कमजोर रहेको छ। हामीले सामान्यतः बुझ्ने गरेका सिकाइका सीप चारथरिका छन्ः सुनाइ, पढाइ, लेखाइ र बुझाइ। तर, यी चारथरिका सीपहरु साक्षरता सीप अर्थात् Literacy Skills अन्तर्गत पर्छन्। साक्षरता सीप भनेको हामीलाई चाहिने अन्य महत्वपूर्ण सीप सिक्नका लागि माध्यम मात्र हो। त्यसैले, साक्षरता सीपलाई आधारभूत सीप (Foundational Skills) पनि भन्ने गरिन्छ। हामी यहीनेर चुकेका छौं।

हाम्रो पाठ्यक्रमले तल्लो कक्षादेखि नै आधारभूत सीपमा भन्दा पनि विषयको ज्ञान (Content Knowledge) मा बढी जोड दिएको छ। कक्षा १ देखि नै भाषासहित सातवटा विषय (नेपाली, विज्ञान, गणित, अंग्रेजी, सिर्जनात्मक कला, कम्प्यूटर र सामाजिक शिक्षा) पढाइनुले स्पष्ट पार्छ कि हाम्रो ध्यान कतातिर छ भनेर। विषयको ज्ञान अवश्य पनि महत्वपूर्ण छ। तर, त्यसबेला मात्रै, जब हामी राम्रोसँग पढ्न र बुझ्न सक्छौं। अर्थात्, जब हामी आधारभूत सीपमा निपुण हुन्छौं तब मात्र विषयगत ज्ञान प्राप्त गर्न सक्षम हुन्छौं।

सिकाइको कुरा गर्दा हामी धेरैले पढेको वा बढी चर्चामा रहेको भनेको educational psychologist Dr. Benjamin Bloomssf] BloomÚs Taxonomy नै हो। डा. ब्लुमले सिकाइका छ वटा आयाम अर्थात् विद्यार्थीमा हुनुपर्ने न्यूनतम् सीप (सम्झिन, बुझ्न, प्रयोग एवम विश्लेषण, मूल्याङ्कन गर्न र सिर्जना गर्न सक्ने) का बारे चर्चा गरेका छन्। यी छ वटै सीप सिक्नका लागि चाहिने आधारभूत सीप भनेको फेरि पनि साक्षरता सीप नै हो।

माथि नै भनियो, आधारभूत सीप भनेको अन्य सीप सिक्नका लागि विद्यार्थीको तयारी हो। तर विद्यार्थीले सिक्नुपर्ने सीपका लागि तयार नै नगरी ज्ञान ( Knowledge|for Content Knowledge) को भारी अनायासै र कदाचित जबरजस्ती थोपरी दिएका छौं। शिक्षकलाई दिइने तालिमले पनि विषयगत सिकाइमा जोड दिएको छ भने विद्यार्थी मूल्याङ्कन विधिले पनि पाठ्यक्रमले तय गरेका विषयगत ज्ञानलाई नै बढी महत्व दिएर विद्यार्थीलाई पास वा फेल गरेको पाइन्छ। त्यसैले विद्यार्थीहरु सिकाइ सीपमा दक्ष नभइकनै विषयगत ज्ञान घोकेकै भरमा कक्षा चढ्ने गरेका छन्।

सिकाइ कसैबाट प्राप्त गर्ने विषयभन्दा पनि एउटा सक्रिय, सिर्जनात्मक प्रक्रिया हो भन्ने कुरा भिगोत्स्की, पियाजे, जोन डिवि, ब्रुनर जस्ता मनोविज्ञान, दर्शन, शिक्षा तथा समाजशास्त्रका विद्वानहरुले गरेका छन्। हावर्ड गार्डनरले 'फ्रेम्स अफ माइण्डः द थ्योरी अफ मल्टीपल इन्टेलीजेन्सेज' मा मानिसमा जन्मजात हुने विभिन्न सात ( पछि थप गरेर नौ) थरीका दक्षताका बारेका कुरा गर्दै सिकाइको तरिका एकैनासको हुँदैन। तसर्थ, विद्यार्थीको सिकाइको शैलीको पहिचान गर्न जरुरी छ तब मात्र प्रभावकारी सिकाइ हुन सक्छ। सिकाइलाई अन्तर्क्रियाद्वारा सहज बनाउन सकिन्छ भनेका छन्। यी भनाइ विपरित, पाठ्यपुस्तककै भरमा हाम्रो सिकाइ सीप र विषयगत ज्ञानका कुराहरु टिकेको छ।

सन् २०१३ मा सेभ द चिल्ड्रेनले प्रकाशित गरेको एक अध्ययन 'Ending the Hidden Exclusion (2013)'ले विद्यार्थीहरुको कमजोर सीप सिकाइप्रति लक्षित गर्दै यसो भनेको छ- बालबालिकाहरु विद्यालय बाहिर रहनु अवश्य पनि अन्याय हो, तर लाखौं यस्ता बालबालिका छन् जो विद्यालयभित्र रहेर पनि अधारभूत सीप सिक्ने अवसर पाउन सकेका छैनन्। यस्ता बालबालिका विश्वभर लगभग १३ करोड रहेका छन्। जो विद्यालयभित्र रहेर पनि आधारभूत सीप सिक्नबाट वञ्चित छन्, यो एउटा कहालीलाग्दो यथार्थ हो जसले विगत दशकमा गरिएको विद्यालय भर्ना अभियानको प्रयासलाई ओझेलमा पारेको छ।' अर्को शब्दमा भन्ने हो भने यसरी बालबालिकालाई विद्यालयभित्र ल्याएर आधारभूत सीप सिक्नबाट वञ्चित गरिनु निश्चय पनि अपराध हो।

दयनीय भौतिक संरचना, टड्कारो रुपमादेखि नै पुस्तकालय वा पुस्तक तथा पठन सामग्रीको अभाव, कमजोर तथा अभावग्रस्त शैक्षिक वातावरण आदि सामुदायिक विद्यालयहरुमा सहजै देख्न सकिने कुराहरु हुन्। यी पूर्वाधारसँग सम्बन्धित कुराहरु शिक्षाको गुणस्तरका सवालमा जति महत्व राख्छन्, त्यति नै वा अझ बढी महत्व राख्छ दक्ष शिक्षकको आपूर्ति, शिक्षकमा भएको सिकाइ सम्बन्धी सीप तथा पढाइ विधिले।

शिक्षकको सोचाइ र कक्षाकोठामा गरिने व्यवहारलगायत शिक्षण विधिमा परिवर्तन गर्न जरुरी छ। शिक्षकलाई ज्ञान दिने वर्गभन्दा पनि ज्ञान सिर्जना गर्ने सहयोगी पात्रका रुपमा पुनः प्रबोधिकरण गर्न जरुरी छ। विद्यार्थीलाई ज्ञान लिने वर्गभन्दा पनि ज्ञान सिर्जना गर्ने सक्रिय सहभागीका रुपमा स्थापित गर्न जरुरी छ। पाठ्यपुस्तकमा भन्दा सीपमा आधारित, घोकाइमा भन्दा सिकाइ नतिजामा आधारित विषयवस्तुमा भन्दा दक्षतामा आधारित शिक्षा प्रणालीको विकास गर्न जरुरी छ।

दोस्रो कुरा, पढाउने हो कि, सिकाउने हो ? पढाउने हो भने शिक्षक दह्रो हुनु पऱ्यो। त्यसो हुँदा शिक्षकमा विषयसम्बन्धी ज्ञान पढाउने सीप हुनु अनिवार्य छ। तर, यदि सिकाउने हो भने विद्यार्थीलाई दह्रो बनाउनुपऱ्यो। सिकाउनका लागि शिक्षकमा विषय सम्बन्धी ज्ञानभन्दा बढी बेग्लै सीप र सोंचको आवश्यकता पर्दछ। विद्यार्थीको आवश्यकता, क्षमता र लगावको पहिचान गर्न सक्ने सीप शिक्षकमा हुनुपर्दछ। हामीले पढाउने बुद्धि दियौं। पढाउनकै लागि शिक्षक तयार गऱ्यौं। त्यसैले, शिक्षकको योग्यता बढी खोज्न थाल्यौं। भएभरका सुविधा दिएर शिक्षकलाई दह्रो बनायौं। विद्यार्थीलाई कमजोर बनाइरह्यौं। विद्यार्थीलाई दह्रो बनायौ भने अहिलेको शिक्षक दरबन्दीको समस्या आफैं समाधान हुन्छ। समाज, घरपरिवार, रीतिथितिलाई खुला पुस्तकका रुपमा लिन सक्यौं भने पाठ्यपुस्तकको झमेलामा अल्झिरहनु पर्दैन।

समग्रमा भन्नुपर्दा शिक्षण सिकाइको जग अति नै कमजोर छ। तसर्थ, एसएलसीको नतिजामाभन्दा तल्लो कक्षामा सिकाइको स्तर बलियो बनाउनु जरुरी छ। तसर्थ, सिकाइ सीप विकासका लागि निश्चित मापदण्ड तथा शिक्षण विधि तय गर्ने। प्रारम्भिक कक्षामा रहेको अहिलेको विषयगत पाठ्यभारलाई सिकाइ सीपमा केन्द्रित गर्ने। विषयगत ज्ञानलाई कक्षा ४ देखि बिस्तारै थप्दै लैजाने। सिकाइ सीप केन्द्रित शिक्षक विकासका कार्यक्रम लागू गर्ने। आधारभूत सीप विकासका लागि विभिन्न भाषामा प्रशस्त सामग्री विकास गर्ने। विद्यालयमा पुस्तकालय अनिवार्य गर्ने। शिक्षण विधि परिवर्तन गर्ने। हामीले चाहेपनि नचाहे पनि, विद्यार्थी र शिक्षकको दुबैको निरन्तर मूल्याङ्कन गर्नुपर्छ। *एजुकेशनपाटी*

# लिटल एन्जल्समा नि:शुल्क स्वास्थ्य शिविर



**चारआली, साउन ३०।** मेचीनगर नगरपालिका-१३ चारआलीमा रहेको लिटल एन्जल्स बोर्डिङ्ग स्कूलमा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

दुई दिनसम्म सञ्चालन भएको शिविर अन्तर्गत नि:शुल्क आँखा तथा स्वास्थ्य शिविर सञ्चालन भएको बताइएको छ । पहिलो दिन मेची आँखा अस्पताल, सैनिकमोड (बिर्तामोड)बाट गएको टोलीले सम्पूर्ण विद्यार्थीहरुका आँखा जाँच गरी समस्या देखिएका विद्यार्थीहरुलाई नि:शुल्क औषधि वितरण तथा परामर्श दिइएको थियो भने नि:शुल्क चश्मा उपलब्ध गराएको थियो ।

विशेषत: ६ वर्ष देखि १८ वर्ष उमेरका बालबालिकाका लागि लक्षित रहेको 'रिफ्राक्टिभ इरर एमङ्ग चिल्ड्रेनस रिच प्रोजेक्ट' अन्तर्गतको उक्त कार्यक्रमबाट १३ जनालाई चश्माको आवश्यकता रहेको र ११ जनाको थप जाँच गरिनुपर्ने देखिएको विद्यालयले जनाएको छ । विद्यालयका इ.सी.ए. को-अर्डिनेटर मातृकाप्रसाद पोखरेलका अनुसार शिविरबाट एक हजारभन्दा बढि विद्यार्थी, शिक्षक एवम् अभिभावकहरु लाभान्वित भएका थिए ।

त्यस्तै दोस्रो दिन मेची बोर्डर हेल्थ अवार्नेस सेन्टरको आयोजना र बीएण्डसी टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर, बिर्तामोडको सहयोगमा नि:शुल्क स्वास्थ्य जाँच शिविर सञ्चालन गरिएको थियो । शिविरमा विद्यार्थीहरुका दाँत सम्बन्धी समस्या, ओपिडी सेवा तथा बालरोग सम्बन्धी समस्याको जाँच तथा उपचार दन्त चिकित्सक, बालरोग विशेषज्ञ तथा जेनेरल फिजिसियनले गरेका थिए । उक्त शिविरमा विद्यार्थीहरुलाई नि:शुल्क औषधि वितरण गरिनुका साथै आवश्यक परामर्श समेत प्रदान गरिएको बताइएको छ ।

दुबै शिविर सञ्चालन गर्ने टोलीलाई विद्यालयका को-अर्डिनेटर भूमिप्रसाद सुवेदी र प्रिन्सिपल रुद्रमणि सुवेदीले धन्यवाद ज्ञापन गर्दै प्रशंसापत्र प्रदान गरेको विद्यालयका शिक्षक अर्जुन सुनुवारले जानकारी दिए ।

# गोलिया बिक्रीबाट एक अर्ब ६५ करोड आम्दानी

**पशुपतिनगर, साउन ३०।** सरकारले निजी वन दर्तामा सहुलियत दिएसँगै कु-काठ मानिने उत्तिस, मलाँतो, चिलाउने जातका बिरुवा रोपणमा इलामका किसानको आकर्षण बढेको छ ।

रोपिएको १० वर्षमा राम्रो आम्दानी लिन सकिने भएपछि राम्रो आम्दानी भएपछि खाद्यबाली हुने इलामका उत्तरी लेकाली क्षेत्रका खेतबारी अहिले उत्तिस र मलातोको बगानले भरिएका छन् ।

उच्च मूल्य दिने नगदेवाली झैं इलामका किसानले गत वर्ष एक अर्ब ६५ करोड बढी आम्दानी गरेका थिए । हुर्किएको रुख कटानबाट संकलित गोलिया प्लाइउड बनाउने भेनियर झापाका उद्योगमा निर्यात हुँदै आएको छ । किसानले कु-काठ जातका रुखलाई आम्दानीको श्रोत बनाएपछि निजी वन दर्तामा प्रोत्साहान गरिँदै आएको इलामका डिभिजन वन अधिकृत श्रीप्रसाद बरालले बताए ।

किसानले रुखबाट आम्दानी लिन थालेपछि इलाममा आर्थिक वर्ष ०७३/०७४ देखि निजी वन दर्ताको थालनी गरिएको थियो । रुखको गोलियाबाट किसानको नगदेवाली नै भएको छ भने स्थानीय तहको आन्तरिक आयको श्रोत भएको सन्दकपुर गाउँपालिकाका अध्यक्ष उदयबहादूर राईले बताए । सन्दकपुर गाउँपालिकाले रुख कटनका लागि सिफारिस गर्दा दुई सय रुपैयाँ लिँदै आएको छ भने निकासीमा प्रति क्युफिट पाँच रुपैयाँ राजश्व संकलन गर्दै आएको छ ।

रुख कटान गर्दा मालपोत र नापी कार्यालयले राजश्व लिँदै आएका छन् भने संघीय सरकारले मूल्य अभिवृद्धि करमार्फत श्रोत संकलन गर्छ । किसानले कटान गरिने रुख रहेको जग्गाको लालपुर्जाको फोटोकपीसहित कटान गर्ने निवेदन डिभिजन कार्यालयमा बुझाएपछि नापि कार्यालयको अमिनि र वन प्राविधिकले रुखको लगत संकलन गर्ने र चार किल्ला छुट्याउने काम गर्नुपर्ने भएकलो नापी र मालपोत कार्यालयले राजश्व संकलन हुँदै आएको छ ।

आर्थिक वर्ष २०७५/०७६ मा इलामबाट ३० लाख क्युफिट गोलिया तराई क्षेत्रका भेनियर उद्योगमा निर्यात भएको छ । किसानले प्रति क्युफिट पाँच सय ५० रुपैयाँ मूल्य पाउने रुखका गोलिया बिक्रिबाट इलाममा गत वर्ष मात्रै एक अर्ब ६५ करोड रुपैयाँ भित्रिएको गोलिया व्यवसायीको साझा संस्था राष्ट्रिय वन पैदावार व्यवसायी महासंघका अध्यक्ष रोहित खड्काले बताए ।

हरियो वन जंगलले मानिसबाट फ्याकिने कार्बडाइअक्साइड लिएर अक्सिजन मात्रै दिँदैन, गरीब किसानको आर्थिक उपार्जनको माध्यम बनेपछि धेरै लेकाली किसानले निजी वन दर्ता गर्ने क्रम बढेको छ । निजी आवादी जग्गामा खाध्यबालीझैं रुखका बिरुवालाई व्यवसायी खेती अंगाल्ने इलामका किसानको आर्थिक अवस्थामा सुधार आएको पारिवारीक निजी वन संघ इलामका अध्यक्ष रवीन्द्र सुवेदीले बताए ।

निजी वन दर्तासँगै डिभिजन वन कार्यालय इलामले प्राविधिक, प्रवर्द्धनात्मक र प्रचारप्रसारका काममा सहयोग गर्दै आएको छ । जग्गामा रुख रोपण गरी आम्दानी गर्ने किसान अहिले एक सय ५९ किसान पारिवारीक निजी वन संघमा आवद्ध छन् । किसानले आफ्नो धान, मकै, गहुँ, फाफर फल्ने बारीमा गरेको रुख बिरुवाको खेतीले इलाम जिल्लाकै अर्थतन्त्र नै बलियो बन्दै गएको पारिवारिक निजी वन संघका अध्यक्ष सुवेदीले बताए । सरकारले प्राथमिकता दिएर निजी वन दर्तामा अझ सहयोग गरे चिया अदुवा र अलैंचीकोभन्दा बढी आम्दानी र राज्यलाई कर उठ्ने सुवेदीको भनाइ छ ।

डिभिजन वन कार्यालय इलामको वार्षिक कार्यक्रममा वृक्ष सुधार वृक्षरोपण तथा निजी वन कार्यक्रम समावेस गरि निजी वनमा बिरुवा उत्पादन, नर्सरी मर्मत, निजी वन दर्ता प्रोत्साहान, निजी वन संजाल सुदृढीकरण र चेतनामूलक कार्यक्रम निजी वन विकास सम्बन्धी कार्यक्रम हुँदै आएको छ ।

वन दशक कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७३/७४ देखि सञ्चालित यो कार्यक्रमले गर्दा किसान माझ सकारात्मक प्रभाव पर्दै गएको वन कार्यालयको भनाइ छ । खासगरी निजी वनमा उत्तिस, मलाँतो र चिलाउने जातका बिरुवाको रोपण किसानले गर्दै आएका छन् । उत्तीस र मलातोको रोपणको प्रतिफल हरेक १०/१० वर्षमा लिँदै आएको पाइन्छ ।

# फोनिज अधिवेशनमा राईलाई सम्मान



**अर्जुनधारा, साउन ३०।** नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) झापा शाखाका पूर्व अध्यक्ष एवम् न्यूज सञ्जाल डटकमका सम्पादक रमेश समदर्शी उदयपुरमा सम्मानित भएका छन् । जातीय पहिचान र संविधान कार्यान्वयनको लागि पूर्ण समावेशी सञ्चार भन्ने मुख्य नारासहित उदयपुरको त्रियुगामा भएको फोनिज प्रदेश नम्बर १ को प्रथम महाधिवेशनमा उनी सम्मानित भएका हुन् ।

२०५२ सालमा बिर्तामोडबाट प्रकाशित हुने जनचाहना साप्ताहिक र धरानबाट प्रकाशित हुने विजयपुर साप्ताहिकको झापा संवाददाताकोरुपमा अध्यक्ष समदर्शीले पत्रकारिता शुरु गरेका थिए । उनकै कार्यकालमा स्थापना भएको डिकमान सुनुवार विरही स्मृति वर्ष उत्कृष्ट पत्रकारिता पुरस्कार पहिलो पटक अग्रज पत्रकार अमृतलाल श्रेष्ठलाई वितरण गरिएको थियो । पत्रकारिताको माध्यमबाट आदिवासी जनजाति समुदायको हक अधिकार स्थापित गर्न पुर्‍याएको योगदानको मूल्याङ्कन गर्दै कार्यक्रममा पूर्व अध्यक्ष समदर्शीलाई नगद पाँच हजार र सम्मान पत्र प्रदान गएिको थियो ।

सोही कार्यक्रममा अन्य १० जना अग्रज पत्रकारलाई सम्मान गरिएको थियो । यसरी सम्मानित हुनेहरुमा इलामका सटेन्द्र जबेगू, उदयपुरका कौशल चेम्जोङ र महेश्वर राई, धनकुटाका सञ्जय सन्तोषी राई, विजय सन्तोषी राई र हिमा चेम्जोङ, सुनसरीका हर्ष सुब्बा, गोपाल देवान र याम प्रधान रहेका छन् । सम्मानित पत्रकारहरुलाई महाधिवेशनका प्रमुख अतिथि प्रदेश नम्बर १ का मुख्यमन्त्री शेरधन राई, फोनिजका केन्द्रीय अध्यक्ष डण्ड गुरुङ र कार्यक्रममा अध्यक्ष दिपीन राईले सम्मान गरेका थिए ।

# इलाममा व्यावसायिक बन्दै कफीखेती

**इलाम, साउन ३०।** झापा बिर्तामोडका भोजराज श्रेष्ठ माओवादी सशस्त्र द्वन्द्वकालका लडाकु हुन् । करिब दुई वर्ष लडाकू भएर काम गरेका भोजराजलाई सरकार-माओवादी शान्ति सम्झौतापछि फेरि सेना-प्रहरीमा जागीर खान खासै मन भएन ।

त्यसपछि झापाको बिर्तामोडमै केही समय सानोतिनो पसल गरेर बसे । त्यसबाट पनि खासै राम्रो आम्दानी हुन नसकेपछि आम्दानी हुने बाटो रोज्नु पर्ने बाध्यता आइलाग्यो । गाउँघरमा रहेर त्यति साह्रै काम नगरेका भोजराजलाई यसै गर्दा सम्पत्ति कमाइएला भन्ने पत्तो थिएन । एकदिन भोजराजकै एक साथीसँग भेट भयो र कफीखेती गर्ने सल्लाह आयो । कफीबाट राम्रो हुने त उनले बुझे तर, झापा जस्तो गर्मी क्षेत्रमा कफीखेती गर्ने कुरा आएन ।

गाउँघरका अरू केही व्यक्तिलाई सोध्दा कफीका लागि इलाम जिल्ला उचित हुने बुझे । सबै घरजग्गा झापातिरै रहेका श्रेष्ठलाई शुरुमा कुन ठाउँमा गएर कफीखेती गर्ने भन्ने निर्णय लिन गाह्रो भयो तर पनि, लामो सोचविचार पछि आफ्नो पुर्ख्यौली घर रहेको इलामस्थित इलाम नगरपालिकाको गोदकमा ठेक्कामा जग्गा लिने र कफीखेती शुरु गर्ने निछोडमा पुगे ।

जग्गा लिजमा लिन पनि सहज थिएन । सबै सजिलो र गुणस्तरीय खोज्दै पहाडबाट तराई झरिरहेका बेला एक्ला भोजराजलाई पनि पहाड गएर केही गरिएला भन्ने खासै लागेको थिएन । धेरैले पहाड जानभन्दा झापातिरै केही गर्न आग्रह पनि गरे तर पनि, भोजराजले हिम्मत हारेनन् ।

इलाम आएर अरू साथीहरूसँग पनि सरसल्लाह लिएर सामुहिक रूपमा कफीखेती गर्न अनुरोध गरे । चियामात्र खेती हुने बुझेका धेरैले इलाममा कफीखेती पनि हुन्छ भन्ने कुरा पत्याएनन् । केही साथीभाइ मिलेर २० रोपनी जग्गामा कफीखेती शुरु गरे । यही बगानबाट यस वर्ष भोजराजले करिब दुई हजार बिरुवा बेचे ।

उनी भन्छन्- 'यस वर्ष बिरुवा मात्र बेचियो । अर्को वर्षदेखि फल पनि बिक्ने हुन्छ ।' गोदकमा लगाएको कफीखेती खासै नफस्टाएपछि उनी यसलाई सारेर रोङ गाउँपालिकाको सलकपुरमा सार्ने योजनामा छन् भने अन्य दुई ठाउँमा पनि खेती विस्तार गरेका छन् । भोजराजले यसै वर्ष मात्रै पनि इलाम नगरपालिकास्थित बरबोटे र सुम्बेकमा खेती गर्ने योजना बनाएका छन् । खेती मात्र नभई कफीको बिक्रीमा पनि राम्रो आम्दानी हुने भएपछि अहिले धेरैले यो व्यवसाय शुरु गरेका छन् ।

त्यस्तै इलाम नगरपालिका वडा नं. ८ सिङफ्रिङका नरेश श्रेष्ठले पनि अहिले कफीखेती शुरु गरेका छन् । आफू मात्र नभई अन्य साथीको सहयोगबाट कफी कम्पनी नै खोलेर आफैं बिरुवा उत्पादन गर्दै नरेशले खेती शुरु गरेका हुन् । तालिम तथा दक्ष जनशक्ति भएमा खेती गर्न सहज हुने अर्का कफी किसान दीप लामाको भनाइ छ । सूर्योदय नगरपालिकाको 'फिक्कल टी एण्ड कफी कम्पनी' खोलेका लामाले कफी खेती मात्र नभई प्रशोधन समेत गर्ने गरेका छन् । उनले यहाँ कफीको प्रशोधन गरेर काठमाडौंमा बेच्ने गरेको छ ।

यी माथिका किसान त उदाहरण मात्र हुन् । अहिले धेरैले जिल्लामा कफीको व्यावसायिक खेती शुरु गरिसकेका छन् । चियाको जिल्ला भनेर चिनिने इलामको वातावरण कफीका लागि पनि उचित हुने भएकाले कफीको व्यावसायिक खेती शुरु भएको हो । पछिल्लो समयमा कफीखेती गर्दा सरकारीस्तरबाट समेत केही अनुदान र सहुलियत प्राप्त हुन्छ । यही कारण पनि धेरैले यो खेतीबाट लाभ उठाएका छन् । कफी खेती समुद्री सतहदेखि आठ सयदेखि एक हजार छ सय मिटरसम्मको उचाइमा खेती हुने गर्छ । त्यही भएर पनि इलाम कफीका लागि उत्कृष्ट खेतीयोग्य जिल्लामा पर्दछ ।

एक तथ्याङ्कका अनुसार इलाम जिल्ला प्रदेश नं. १ कै उत्कृष्ट खेती हुने जिल्लामा पर्दछ । यस प्रदेशको ३४ दशमलव सात हेक्टर क्षेत्रफलमा कफीखेती हुने गरेकामा १० दशमलव तीन प्रतिशत हेक्टर क्षेत्रफलमा भने इलाममै खेती हुने गरेको छ ।

तथ्याङ्क विभागले गरेको सर्वेक्षण अनुसार इलाममा दुई सय ३६ फार्म संख्या छन् भने ६७ हजार चार सय ५७ फल लाग्ने उमेर भएका बिरुवा रहेको देखिन्छ । सर्वेक्षणका अनुसार प्रदेश नं. १ को १० जिल्लामा पाँच सय ६९ किसानले व्यावसायिक कफीखेती गरेका छन् । विभागले ५० बोटभन्दा बढी कफी बोट लगाएर खेती थालेका किसानलाई मात्रै सर्वेक्षणमा समावेश गरेको छ । 'व्यावसायिक कफीखेतीको सर्वेक्षण भएकाले ५० बोटभन्दा कम हुनेको तथ्याङ्क लिइएको छैन' केन्द्रीय तथ्याङ्क विभागका निर्देशक बद्रीकुमार कार्कीले भने- 'तथ्याङ्क संकलनको काम २०७४ मा भएकाले त्यसयता खेती थालेका किसान छुटेका छन् ।'

प्रदेश नं. १ को १२० हेक्टर क्षेत्रफलमा कफीखेती भइरहेको छ । त्यसमध्ये इलाममा ४३ हेक्टरमा व्यावसायिक रूपमा खेती गरिएको छ । प्रदेश नं. १ मा एक लाख तीन हजार छ सय ६१ किलोग्राम 'फ्रेस चेरी' उत्पादन हुने गरेको छ । कफीको बोक्रा पेलेर फ्याँकेपछिको भित्री भाग चेरी हो ।

इलाममा वार्षिक ४२ हजार छ सय ४९ फ्रेस चेरी उत्पादन हुने गरेको छ । इलाममा पछिल्लोपटक कम्पनीमार्फत ठूलो क्षेत्रफलमा कफी लगाउन थालिएको छ । सूर्योदय नगरपालिकामा चार सय रोपनीमा कफी लगाइँदैछ । इलाम नगरपालिका, देउमाईको जीतपुर, गजुरमुखी लगायतका ठाउँमा ठूलो क्षेत्रफलमा कफीखेती थालिएको छ । प्रदेश नं. १ को तेह्रथुममा एक सय ६६ किसानले १६ हेक्टर क्षेत्रफलमा कफीखेती गरेका छन् ।

पाँचथरमा १३ हेक्टर, उदयपुरमा तीन दशमलव पाँच, खोटाङमा पाँच हेक्टर, ताप्लेजुङमा चार हेक्टर, भोजपुरमा १७ हेक्टर, सङ्खुवासभामा नौ हेक्टर, ओखलढुङ्गामा एक हेक्टर, धनकुटामा छ हेक्टरमा कफी खेती हुने गरेको छ । सर्वेक्षण अनुसार नेपालको ३२ जिल्लामा कफीखेती भइरहेको छ ।

कफीका लागि प्रख्यात जिल्ला गुल्मी मानिए पनि उत्पादन भने काभ्रेपलाञ्चोकमा बढी हुने गरेको छ । तथ्याङ्कका अनुसार काभ्रेपलाञ्चोकमा मात्र ६५ दशमलव पाँच प्रतिशत हेक्टर क्षेत्रफलमा कफीखेती हुने गरेको छ । मुलुकभरमा जम्मा पाँच सय नौ दशमलव नौ हेक्टर क्षेत्रफलमा कफीखेती हुने गरेको छ । व्यावसायिक कफीखेती सर्वेक्षण २०७५/०७६ अनुसार नेपालमा छ हजार तीन सय ४६ वटा कफी उत्पादन गर्ने कृषि फार्म सञ्चालनमा छन् ।

देशभरमा नौ सय ७३ हेक्टरमा जमीनमा व्यावसायिक कफीखेती गरिएको छ भने करिब १५ लाख पाँच हजार कफीका बोटहरु रोपिएका छन् । अध्ययन अवधिमा आठ लाख २१ हजार कफीको बोटबाट फल उत्पादन भइरहेको छ । सरदर वार्षिक रूपमा अध्ययन अवधिभर नेपालमा १५ लाख ७३ हजार किलोग्राम कफीको कच्चा दाना (फ्रेस चेरी) उत्पादन हुने गरेको छ ।


## युनिक बहुमुखी क्याम्पस
सुरुङ्गा, झापामा

शैक्षिक सत्र २०७६/०७७ का लागि BBS I Year मा अंग्रेजी तथा नेपाली दुबै माध्यममा भर्ना खुल्यो ।

हाम्रा विशेषताहरु
- यातायातको व्यवस्था
- उद्यमशील तालिमको व्यवस्था
- अवलोकन भ्रमण
- कोचिङ कक्षा
- बैंकिङ ट्रेनिङ तथा इन्टर्नशीप




प्रवेश परीक्षा
२०७६, साउन ३१ गते शनिबार
बिहान ११:०० बजेदेखि
प्यारागन एकाडेमी भवन

सम्पर्क: ०२३-५५०९४८/९८५२६७०८०४/९८१७०८९२७५



## रेडिमेड झ्याल, ढोका र स्टील रेलिङ्ग पाउने ठाउँ

बाथरुमका ग्यारेन्टेड ढोका, भित्री 25 mm, 32mmका पेन्टेड, डिजिटल ढोकाहरु, खिया नलाग्ने भित्रि सिंढी र बरन्डाको स्टील रेलिङ, आल्मुनियमका झ्याल, Office Partision, फल्स सिलिङ्ग बनाउनु परेमा सँधै सम्पर्क गर्नुहोला ।

गणपति स्टील एण्ड आल्मुनियम हाउस
सुरुङ्गा, बिर्तामोड (भगवान चौक) र गरामनी
मो. ९८१६००६३७३, ९८१४०५२६०१


## होटलमा आगलागी

**मोरङ, साउन ३०।** मोरङको पथरीशनिश्चरे नगरपालिका- २ लिच्चि डाँडास्थित होटलमा आगलागी हुँदा ११ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

सुकमाया राईको टिनको छानो बाँसको टाटीबेराले बनेको एक तले होटलमा बिद्युत्को तार सर्ट भई अचानक आगलागी हुँदा होटलभित्र रहेको किराना सामान, फ्रिज, भाडावर्तन, फर्निचर र नगद पाँच हजार रुपैयाँ समेत जलेर नष्ट हुँदा उक्त रकम बराबरको क्षति भएको हो ।

इलाका प्रहरी कार्यालय पथरीबाट गएको प्रहरीको टोली, स्थानीयबासी र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

## पौडी खेल्दा बेपत्ता

**झापा, साउन ३०।** ओखलढुङगाको चिसंखुगढी गाउँपालिका-१ कुईभिर सिलउरी घाटमा पौडी खेल्ने क्रममा दूधकोशी नदीले बगाउँदा एकजना बेपत्ता भएका छन् ।

डोटी चौकी गाउँपालिका-७ का २० बर्षीय चन्द्रबहादुर खड्का र झपेन्द्र नेपाली पौडी खेल्ने क्रममा खड्कालाई नदीले बगाई बेपत्ता भएका हुन् । प्रहरी चौकी खानीभञ्याङबाट गएको प्रहरीको टोली र स्थानीयबासीको सहयोगमा खड्काको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ ।


## ज्योतिष परामर्श

विगत १० बर्षदेखि ज्योतिष क्षेत्रमा लाग्नुभएका, देशदेखि बिदेशीहरुको चिना हेरी विशेष अनुभव प्राप्त गुरुहरु ज्योतिषी कृष्ण भण्डारी र खगेन्द्र सापकोटा अब तपाईको शहर बिर्तामोड, दमक र इटहरीमा आउँदै हुनुहुन्छ ।

**यही भाद्र ३,४ र ५ गते ।**

**आज नै बुक गर्नको लागि सम्पर्क गर्नुहोस् ।**

9801235000, 9841193108, 9813524729, 9814977595



## क्लिनरमा २१ दिनमा दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : BAKEMART L. L. C. शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब (AED) | तलब (NR) | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Sales Assisstant | १५ (महिला) | १५००।- | ४४,६७०।- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Waiter/Waitress | १५(महिला/पुरुष) | १५००।- | ४४,६७०।- | | | | |
| Bakery Worker | १५ (पुरुष) | ८००।- | २३,८२५।- | | | | |
| Bike Rider | ५० (पुरुष) | १२००।- | ३५,७३५।- | | | | |
| Packing Helper | ८० (पुरुष) | ८००।- | २३,८२५।- | | | | |

यसको फाइनल अन्तरवार्ता यही साउन ३१ गते शुक्रबार यसै कार्यालयमा हुँदैछ ।

सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (

श्रम इजाजत नं. ३९६/०६०/०६१

पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)



## कटुवालवन्धु सेवा समाज झापाको सूचना

कटुवालवन्धु सेवा समाज झापाको आयोजनामा निम्न मिति, स्थान र समयमा कटुवाल जेष्ठबन्धु सम्मान, तीजमिलन तथा विविध सांस्कृतिक कार्यक्रम आयोजना हुने भएकोले सो अवसरमा जिल्लाभर रहेका कटुवालवन्धु, चेलीवेटी, भान्जाभान्जीहरुलाई अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**निम्न :**
**मिति :** २०७६ साल साउन ३२ गते शनिवार
**समय :** बिहान १०:०० बजे
**स्थान :** जेसीज भवन, सुरुङ्गा

कटुवालवन्धु सेवा समाज, झापा
सम्पर्क : ९८१४०४४७७४ र ९८४२६२६८७५



सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।



## महिला हिंसा रोक्न माग्दै रक्षाबन्धन



**भद्रपुर, साउन ३०।** सीमाक्षेत्रबाट बढ्दो चेलीबेटी बेचबिखन रोकथाम तथा महिलामाथि हुने हिंसाजन्य घटना न्यूनीकरणको उद्देश्य राखेर झापाका मारवाडी समुदायका महिलाहरूले राष्ट्र सेवक कर्मचारीसँग रक्षा बन्धन मनाएका छन् ।

हिन्दू धर्मावलम्बीहरूको पर्व रक्षा बन्धन अर्थात् जनपूर्णिमाको अवसरमा भद्रपुर मारवाडी महिला मञ्च तथा मारवाडी युवती मञ्चमा आबद्ध महिलाहरूले नेपाल प्रहरी, सशस्त्र प्रहरी र भन्सार कर्मचारीको नाडीमा राखी बाँधेर उनीहरूसँग रक्षा बन्धन मनाएका हुन् । भद्रपुर मारवाडी महिला मञ्चकी अध्यक्ष निक्की साहेवालाको नेतृत्वमा गएका महिलाहरूको टोलीले वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक यमकुमार श्रेष्ठसहित वडामा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीलाई राखी बाँधेका थिए ।

त्यस्तै महिलाहरूले सशस्त्र प्रहरी बल नेपाल गण हेकुवा झापा नम्बर २ गणले खटाएका भद्रपुरका सीमा क्षेत्रमा तैनाथ सम्पूर्ण सशस्त्र प्रहरी र भद्रपुर भन्सार कार्यालयका कर्मचारीलाई पनि राखी बाँधेका थिए । साथै उनीहरूले वडा कार्यालयमा रहेका थुनुवा र झापा कारागारका कैदीबन्दीलाई समेत राखी बाँधेको बताइएको छ । रक्षा बन्धन कार्यक्रम पश्चात् राष्ट्रसेवक कर्मचारीले मारवाडी महिलाहरूलाई दक्षिणा दिन खोजेका थिए ।

तर, नगद दक्षिणाभन्दा पनि महिलाहरूले बढ्दो चेलीबेटी बेचबिखन रोकथाम तथा महिलामाथि हुने हिंसाजन्य घटना न्यूनीकरण गरिदिन आग्रह गरेका थिए । 'महिलाको सुरक्षाका लागि हामीले सुरक्षाकर्मीलाई बन्धन बाँधेका हौं' -अध्यक्ष साहेवालाले भनिन्- 'चौबिसै घण्टा जनताको सुरक्षामा खटिएका सुरक्षाकर्मीसहित कर्मचारीहरू पर्व मनाउन घर जान नपाउने, त्यही कुरालाई मध्यनजर गरी उनीहरूको दिदीबहिनी भएर राखी बाँधेर नाता जोडेका हौं ।'

# कालोधनका भरिया होइन, मालिक नै पक्रने रणनीति

**झापा, साउन ३०।** एउटा अन्तर्राष्ट्रिय निकायले नेपालमा अवैध धनको चलखेलसहित वित्तीय अपराध नियन्त्रणका लागि भइरहेका प्रयासको समीक्षा गर्ने तयारी गरिरहँदा सरकारले वास्तविक धनीलाई पहिचान गर्ने उद्देश्य सहितको पञ्चवर्षीय रणनीति ल्याएको छ ।

मन्त्रिपरिषद्को निर्णय बमोजिम सार्वजनिक गरिएको सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति र कार्ययोजनाले अहिलेबाट वि.सं. २०८१ सालसम्म चालिने कदमहरू समावेश गरेको छ । सरकारी अधिकारीहरूले अवैध धनसँग जोडिएका कुनै पनि अपराध साथै कर लगायत राजस्वको परीक्षण गर्दा वास्तविक धनीसँग सम्बन्धित सूचना संकलन र अनुगमनलाई विशेष प्राथमिकता दिने गरी रणनीति ल्याइएको उल्लेख गरेका छन् ।

पछिल्लो रणनीतिमा कुनै पनि सम्पत्तिको वास्तविक धनी सम्बन्धी सूचनामा पहुँच दिने संयन्त्रको विकास गर्ने र नेपालमा भइरहेका वित्तीय अपराध अनुसन्धान र अभियोजन निकायलाई स्रोत तथा साधन सम्पन्न बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

वास्तविक धनी पहिचानमा सबै निकाय केन्द्रित हुने सम्पत्ति शुद्धीकरण विभाग र राजस्व अनुसन्धान विभाग जस्ता वित्तीय अपराध अनुसन्धानका लागि बनेका संयन्त्रहरू प्रधानमन्त्री कार्यालय मातहत ल्याइएपछि यो नयाँ रणनीति लागू भएको हो ।

यसबाट अन्तर्राष्ट्रिय मापदण्ड अनुसार वित्तीय अपराध र शंकास्पद वित्तीय कारोबारहरूको अनुसन्धान नेपालमा पनि हुने सुनिश्चित गर्ने प्रधानमन्त्री कार्यालयका सहसचिव यामलाल भुसालले बीबीसीलाई बताए । उनी भन्छन्- 'अब सम्पूर्ण अनुसन्धान तथा नियामक निकाय र उनीहरू



मातहतका सूचक संस्थाहरूले सतहमा देखिने कुरा होइन, वास्तविक धनी पहिचान गर्ने प्रणाली अन्तर्गत काम गर्छन् । कहाँ जोखिम छ त्यहाँ नै हामी केन्द्रित हुन्छौं ।' रणनीतिमा गृह मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसहित राजस्व संकलन एवम् अनुसन्धानमा संलग्न नियमनकारी निकायहरूलाई सूचना संकलन तथा विशेष अनुगमनमा प्रयोग गर्ने उल्लेख गरिएको छ ।

उक्त अनुगमन प्रणाली यसै वर्षबाट लागू हुने जानकारी दिँदै प्रधानमन्त्री कार्यालयका सहसचिव भुसालले भने- 'वास्तविक धनी पहिचानमा हामी केन्द्रित हुने भएकाले अब केही भरियामात्रै पक्राउ पर्ने तर मालिक पक्राउ नपर्ने अवस्थाको अन्त्य हुनेछ ।'

सरकारले कालो धन नियन्त्रण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी रोक्ने सहितका उद्देश्यसहित आठ वर्षअघि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग गठन गरेको थियो । आठ वर्षमा १२ पटक महानिर्देशक फेरिएपछि उक्त विभाग राजनीतिक हस्तक्षेपका कारण प्रभावकारी हुन नसकेको भनेर आलोचना भएको थियो ।

गठन भएपछि विभागमा अकुत सम्पत्ति आर्जन सम्बन्धी १६ सयवटा उजुरी परेका छन् । जसमध्ये झन्डै दुई सय वटामा अनुसन्धान गरेर विभागले ५० भन्दा बढी मुद्दा अदालतमा दायर गरेको थियो । डेढ वर्षअघि उक्त विभागसहित राजश्व अनुसन्धानसहितका निकाय प्रधानमन्त्री कार्यालय मातहत ल्याइएको थियो ।

गत महिना सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अवैध धनसँग जोडिएका दुई सय वटा मुद्दामा अनुसन्धान अघि बढाइएको जनाएको थियो । नयाँ रणनीतिले अनुसन्धान गर्ने निकायको क्षमता अभिवृद्धिमा जोड दिएको साथै विभागको पुनर्संरचना गर्ने प्रतिबद्धता जनाएकाले त्यसले राम्रो परिणाम दिने अपेक्षा गरेको विभागका महानिर्देशक रूपनारायण भट्टराईले बीबीसीलाई बताए । उनले भने- 'हाम्रो अनुसन्धान क्षमता अभिवृद्धि गर्नुका साथै अन्य निकायहरूसँग मिलेर संयुक्त अनुसन्धान पनि गर्न सकिने जस्ता प्रावधान रणनीतिमा रहेकाले त्यसले राम्रो परिणाम दिने देखिन्छ ।'

सन् २०१६ मा सरकारले गरेको वित्तीय अपराधको जोखिमबारे गरिएको एउटा अध्ययनले नेपालमा भ्रष्टाचार, कर छली, मानव बेचविखन र तस्करी तथा कालोबजारीको उच्च जोखिम रहेको देखाएको थियो । त्यसमा लागूऔषध ओसारपोसार, संगठित अपराध, चन्दा असुली, अपहरण, बहुमूल्य सामग्रीको ओसारपोसार अनि ब्याङ्किङ र मुद्रा सम्बन्धी कसुरलाई मध्यम जोखिमका क्षेत्रका रूपमा पहिचान गरिएको थियो ।

हतियारको अवैध व्यापार र आतङ्कवादलाई न्यून जोखिमका क्षेत्रका रूपमा उल्लेख गरिएको थियो । नयाँ रणनीतिले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी गतिविधिमा हुनसक्ने सम्भावित लगानीसँग जोडिएका वित्तीय अपराधलाई नियन्त्रण गर्न संस्थागत र कानूनी सुधार गर्ने प्रतिबद्धता जनाएको छ ।

त्यसबाहेक ब्याङ्किङ प्रणालीबाटै कारोबार गर्न जोड दिने भन्दै 'एक व्यक्ति, एक बैंक खाता' भन्ने अवधारणामा अघि बढ्ने उल्लेख गरिएको छ । विदेशबाट रेमिट्यान्स पठाउन प्रयोग गरिने कम्पनीहरूलाई पनि अनुसन्धानको दायरामा ल्याउने र हुण्डी जस्ता अनौपचारिक कारोबारका माध्यमलाई नियन्त्रण गर्ने भनिएको छ । साथै घर जग्गा कारोबार, गैरनाफामूलक संस्थाहरूको दर्ता, अनुमति र नियमनमा पनि ध्यान दिने रणनीतिमा उल्लेख छ ।

त्यसबाहेक विद्युतीय अभिलेखीकरणमा जोड दिने र एक लाखभन्दा बढी रकममा हुने भुक्तानी डिजिटल प्रणालीबाट मात्रै हुने व्यवस्था लागु गर्ने उल्लेख गरिएको छ । दश वटा उद्देश्य बोकेको उक्त रणनीति वित्तीय अपराध नियन्त्रण सम्बन्धी संयन्त्र फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)को एशिया प्रशान्त क्षेत्र हेर्ने निकायले नेपालको अवस्थाको जाँच गर्नु एक वर्षअघि ल्याइएको हो ।

वित्तीय अपराध र आतङ्कवादी गतिविधिसँग जोडिएका आर्थिक क्रियाकलाप नियन्त्रणमा ठोस कदम नचाले आगामी वर्ष नेपाल एफएटीएफको अनुगमनमा पर्ने चिन्ता यसअघि व्यक्त भएका थिए । त्यस्तो अनुगमनमा पर्नु कालोसूचीमा राखिनु जस्तै भएको र त्यसबाट नेपालको वैदेशिक व्यापार र लगानीजस्ता क्षेत्रमा नकारात्मक असर पर्ने अर्थविद्हरूले अघिल्लो महिना बीबीसीलाई बताएका थिए ।

## हलमा 'हजार जुनीसम्म'




नेपालमा नेपाली फिल्म चारवटा मुख्य पर्व (दशैं, तिहार, तीज र नयाँ वर्ष) बाहेक अरू बेला शुक्रबार मात्र रिलिज गर्न पाइने नियम छ । तर, मल्टीस्टारर फिल्म 'हजार जुनीसम्म' भने रक्षा बन्धनको अवसरमा बिहीबारबाटै प्रदर्शनमा आएको छ । यसअघि चलचित्र विकास बोर्डले शुक्रबार मात्रै प्रदर्शन गर्नुपर्ने अडान राख्दा संसारभर बुधबार प्रदर्शनमा आएको बलिउड फिल्म 'कलंक' नेपालमा शुक्रबार प्रदर्शन भयो । नेपाली फिल्मलाई भने बोर्डले अंकुश लगाउन सकेन ।

एकदिने विदा खाने लोभले 'हजार जुनीसम्म' ले बिहीबार (साउन ३०) आउने घोषणा गरेको थियो । तर, सरकारले यस वर्ष रक्षा बन्धन तथा जनै पूर्णिमाको विदा दिएको छैन । फिल्मलाई विदा निकै महत्त्वपूर्ण रहन्छ । विदामा फिल्मको व्यापार निकै राम्रो हुने गर्छ । यो फिल्मलाई अब शनिबारको विदाको पखाई छ । यस फिल्ममाथि खडेरी लागेको नेपाली फिल्मको व्यापार चलायमान बनाउने अपेक्षा राखिएको छ । फिल्मका निर्देशक विकासराज आचार्य हुन् ।

गीतसंगीत र ट्रेलरले राम्रो हाइप निर्माण गरेको यस फिल्ममा आर्यन सिग्देल, स्वस्तिमा खड्का, अनुभव रेग्मी, सलोन बस्नेत, अखिलेष प्रधान, सञ्चिता लुइँटेल, शिवहरी पौडेल, प्रियंका कार्की लगायतका कलाकारहरूको अभिनय छ । फिल्मलाई पुरूषोत्तम प्रधानले खिचेका हुन् । फिल्मको पटकथा सामिप्यराज तिमल्सेनाले तयार पारेका हुन् । कविता रेग्मी कार्यकारी निर्माता रहेको फिल्मको निर्मातामा विशाल चाम्लिङ छन् ।

यो फिल्मले मल्टीप्लेक्समा राम्रो सोज हात पारेको छ । अधिकांश सिंगल थिएटरमा आफ्नो उपस्थिति जनाएको छ । जेठमा प्रदर्शनमा आएको फिल्म 'जात्रै जात्रा' पछि कुनै फिल्मले गतिलो व्यापार गर्न नसकेको अवस्थामा 'हजार जुनीसम्म' ले दर्शकको ठूलो भीड हलसम्म डोर्याउन सफल हुने विश्लेषण गरिएको छ । यो फिल्ममाथि दर्शकको पनि ठूलो अपेक्षा छ । किनकि, 'नाईं नभन्नू ल' सिरिजका निर्देशक हुन्, विकास ।

यसलाई सिंगल स्क्रिनमा सहज भए पनि मल्टीप्लेक्समा टिक्न गाह्रो छ । किनकि, यो फिल्मसँगै बलिउडका दुई ठूला फिल्म अक्षय कुमारको 'मिशन मंगल' र जोन अब्राहमको 'बाटला हाउस' पनि प्रदर्शनमा आएका छन् । 'वर्ड अफ माउथ' बलियो नभए दुई फिल्मको अगाडि मल्टीप्लेक्समा 'हजार जुनीसम्म' लाई टिक्न सहज हुने छैन । यसकारण, फिल्मलाई बक्सअफिसमा लामो रेसको घोडा बन्न दर्शक र समीक्षकबाट तारिफ बटुल्न आवश्यक छ ।

## रिलिजअघि नै 'साहो' लाई ३२० करोड



साउथ सुपरस्टार प्रभासको नयाँ फिल्म 'साहो' लाई लिएर दर्शकमा जबरजस्त क्रेज छ । ३० अगष्टमा यो फिल्म प्रदर्शनमा आउँदैछ । फिल्मको भिएफएक्स, स्टन्ट सिन, फाइट सिक्वेन्स गजब छ । एक्सनले भरिएको फिल्मको बजेट तीन सय ५० करोड बताइएको छ । प्राप्त जानकारी अनुसार, यो फिल्मले रिलिज अगावै लगभग लगानी सुरक्षित गरिसकेको छ ।

'साहो' ले प्रदर्शन अगावै तीन सय २० करोड कमाइसकेको भारतीय मिडियाले बताएका छन् । मेकर्सले फिल्मको थिएट्रिकल राइट्स तीन सय २० करोडमा बिक्री गरेका छन् । अहिले प्रभास र श्रद्धा फिल्मको प्रचारमा व्यस्त छन् । आईम्याक्स फर्म्याटमा पनि यो फिल्म रिलिज गरिँदैछ । सुजीतको निर्देशनमा बनेको यस फिल्मको ट्रेलर र गीतसंगीत दर्शकलाई निकै मन परेको छ ।

मन्दिरा बेदी, नील नितिन मुकेश, ज्याकी श्राफ, चंकी पाण्डेको पनि फिल्ममा प्रमुख भूमिका छ । 'साहो' मा पहिलो पटक प्रभास-श्रद्धा कपूरको जोडी बाँधिएको छ । श्रद्धाको यो पहिलो साउथ फिल्म हो । यसलाई तमिल, तेलुगू र हिन्दी भाषामा रिलिज गरिँदैछ । फिल्ममा प्रभास क्राइम ब्रान्च अफिसरको भूमिकामा छन् । यो फिल्म एक स्पाय थ्रिलर हो ।

## वरिष्ठ साहित्यकार दीक्षितको निधन



**झापा, साउन ३०।** वरिष्ठ साहित्यकार मदनमणि दीक्षितको ९७ वर्षको उमेरमा बिहीबार निधन भएको छ ।

निवासमा शौचालय जाँदा बेहोस् भएका उनलाई कमलपोखरीस्थित हिमाल अस्पताल लगेपछि चिकित्सकले मृत घोषणा गरेका थिए । उनलाई मुटु, मृगौला र श्वासप्रश्वास सम्बन्धी समस्या थियो ।

दीक्षितका 'माधवी', 'ऋग्वेद : केही प्रमुख सूक्त', 'ग्यास च्याम्बरको मृत्यु' लगायत ४६ वटा कृति छन् । उनले मदन पुरस्कार, साझा पुरस्कार, पद्मश्री पुरस्कार लगायत विभिन्न पुरस्कार र सम्मान प्राप्त गरेका थिए । नेपाली पत्रकारिता क्षेत्रमा पनि उनको विशिष्ट योगदान छ । उनको जन्म १९७९ फागुन ६ गते काठमाडौँको गैरीधारामा भएको थियो । उनका श्रीमती, तीन छोरा र एक छोरी रहेका छन् ।

यसैबीच राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपाका वरिष्ठ नेता झलनाथ खनाल लगायतले साहित्यकार मदनमणि दीक्षितको निधनबाट मुलुकलाई अपूरणीय क्षति पुगेको बताएका छन् ।

यसैबीच वरिष्ठ साहित्यकार स्व. दीक्षितको राष्ट्रिय सम्मानका साथ पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । नेपाल प्रहरीको एक टुकडीले उनलाई राष्ट्रिय सम्मान दिएको थियो ।


UAE मा रोजगार

कम्पनी: AMANA STEEL BUILDINGS CONTRACTING LLC शहर:DUBAI

| सि.नं | कामदारको पद | माग संख्या महिला | माग संख्या पुरुष | मासिक तलब AED | कार्य समय | खाना/बस्न | ओटी | करार |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labour | | 100 | 1000 | ८ घण्टा २६ दिन | छ | का.नि.अ. | २ वर्ष |

Note: साथै यसै कम्पनीमा

| सि.नं | कामदारको पद | माग संख्या महिला | माग संख्या पुरुष | मासिक तलब AED |
|---|---|---|---|---|
| 1. | Gypsum Board Carpenter/False Ceiling | | 50 | 1100/-to 1200/- |
| 2. | Auto Electrician (Heavy Equipment) | | 10 | 1500/- |
| 3. | Auto Electrician (Vehicles) | | 10 | 1500/- |
| 4. | Denter | | 10 | 1200/- |
| 5. | Mechanic-Diesel(Heavy Equipment) | | 10 | 1700/- |
| 6. | Mechanic-Diesel (Truck & Buses) | | 10 | 1700/- |
| 7. | Document Controller | | 10 | 1800/- |
| 8. | Mechanic-Petrol (Vehicles) | | 15 | 1700/- |
| 9. | Painter (Spray) | | 10 | 1400/- |
| 10. | Power Electrician (Generators & Power) | | 10 | 1700/- |
| | Workshop Foreman Petrol &Diesel | | 10 | 2300/- |

हरुको पनी माग भएको हदा जान चाहान हने इच्छकले तरुन्त सम्पंक गर्न होला।

फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट २०७६ भदौ १ र २ गते (18 & 19 Aug. 2019) बिर्तामोडमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- ...

Fewa HR Solutions Pvt. Ltd.
Kathmandu
झापा सम्पंक: ९८५१०१६८०९, ९८०४९६१४१४, ९८५२६७४८०९, ९८०७९६३७९७, ९८०७९६३७९५



इन्दै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो

# भावपूर्ण श्रद्धाञ्जलि



जन्मः
१९७७ भदौ १५ गते,
सन्तकपुर (बिक्री)
इलाम

निधन :
२०७६ साउन २२ गते,
अर्जुनधारा-४,
दहीझोडा, झापा

**स्व. हरिप्रिया खनाल**

शिक्षासेवी तथा बिर्तामोडस्थित गोमेन्द्र बहुमुखी महाविद्यालयका संस्थापक गणेशप्रसाद खनालकी आमा तथा पूर्वाञ्चल दैनिकका प्रकाशन सहयोगी डा. रूपक खनाल र हाम्रा अनन्य शुभचिन्तक गोमेन्द्र बिर्ता मोडल माध्यमिक विद्यालयका निर्देशक उत्तम खनालकी हजुरआमा **हरिप्रिया खनाल**को ९९ वर्षको उमेरमा भएको निधनको घटनाले हामी स्तब्ध एवम् मर्माहत् भएका छौं । उहाँको अकल्पनीय चिरवियोग तथा महाप्रस्थानको संवेदनशील क्षणमा वैकुण्ठवासको कामनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

आफ्ना परम्पुज्य माताजीसँगको वियोगको कष्टपूर्ण क्षणमा रहनुभएका छोरा-बुहारीहरू गणेशप्रसाद-बुध, गोविन्द-मधु, ईश्वर-मेनुका, वेदप्रकाश-तिलरूपा खनाल, छोरी-ज्वाइँहरू तुलसा पौडेल, नर्वदा घिमिरे, विमला-रूद्र चापागाईं, राधिका-लक्ष्मी पौडेल, सीता-सुदर्शन सिग्देल, गीता-हरि न्यौपाने, रीता खनाल, १४ नाति, १९ नातिनी, २८ पनाती, १७ पनातिनी, एक जनाति, एक जनातिनी लगायत शोकसन्तप्त सम्पूर्ण खनाल परिवारमा शोक सहन गर्न सक्ने क्षमता ईश्वरले प्रदान गरून् भन्दै गहिरो समवेदना प्रकट गर्दछौं ।

भरतलाल गिरी : प्रकाशक | टोरूप प्रसाईं : अध्यक्ष

श्री अन्तु प्रकाशन (प्रा.) लि.

एवम् पूर्वाञ्चल दैनिक परिवार, बिर्तामोड, झापा